# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ६ अङ्क २४ पूर्णाङ्क २६२ | २०७८ मंसिर २७ गते सोमबार | Monday, 13 Dec., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।–


## जनयुद्धमा तीन छोरा गुमाएका कमरेड केहेरसिंह बुढाको निधन, क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त

सुर्खेत। जनयुद्धमा आफ्ना तीन छोरा गुमाउनु भएका नेकपा (क्रान्तिकारी माओवादी) कर्णाली प्रदेशका सदस्य समेत रहनु भएका कमरेड केहेर सिंह बुढाको ८५ बर्षको उमेरमा निधन भएको छ। उहाँको प्रदेश अस्पताल सुर्खेतमा उपचारको क्रममा निधन भएको क्रान्तिकारी माओवादीको कणाली प्रदेश कार्यालयले जनाएको छ। उहाँको मंसिर २३ गते निधन भएको थियो। ६ दिनअघि मात्र उहाँकी जीवनसंगनीको



निधन भएको थियो। नेकपा (क्रान्तिकारी माओवादी)का प्रदेशका *बाँकी ५ पेजमा*

# एमसीसी विरुद्धको संघर्ष : नेतृत्वदायी भूमिकामा क्रान्तिकारी माओवादी




❑ **डिएम निरौला 'अनु'**

काठमाडौं। नेपालमा पछिल्ला केही बर्षदेखि अमेरिकाको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौता खारेजीको माग गर्दै सडक संघर्ष चल्दै आएको छ। एमसीसी सम्झौता नेपालको हितमा नरहेको र यो सम्झौताका अधिकांश प्रावधानहरु नेपालको स्वाधीनता र सार्वभौमिकताघाती रहेको ठहर गर्दै नेकपा (क्रान्तिकारी माओवादी)ले एमसीसी सम्झौता खारेजीको माग गर्दै आएको छ। र, एमसीसीका विरुद्ध हुने संघर्षमा उसले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ।

नेकपा (क्रान्तिकारी माओवादी) दुईवर्षअघि नै केन्द्रीय समितिको बैठकबाट नै राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई प्रधान बनाउँदै आएको थियो। क्रान्तिकारी माओवादीले आफू सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र सम्बद्ध जबस मोर्चा मार्फत् पनि एमसीसी खारेजीका आन्दोलनहरुलाई अगाडि बढाउँदै आएको छ। काठमाडौं उपत्यकालगायत सातवटै प्रदेशका विभिन्न जिल्लाहरुमा एमसीसी सम्झौता खारेजीको पक्षमा जोडदार रुपमा आवाज बुलन्द गर्दै आएको छ।

एकल संघर्षमा मात्र होइन, संयुक्त संघर्षमा पनि क्रान्तिकारी माओवादीको नेतृत्वदायी पहलकदमी रहँदै आएको छ। संघर्षको दौरानमा पार्टीका बरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेललगायत पार्टी, संयुक्त मोर्चा तथा जबस मोर्चाका नेताहरु पटक पटक गिरफ्तारीमा पर्ने, प्रहरी दमनमा घाइते हुने क्रम चल्दै आएको छ। तर राष्ट्रिय स्वाधीनताको सधैं अग्रमोर्चामा क्रान्तिकारी माओवादी देखिदै आएको छ।

आत्मगत अवस्थाका हिसाबले कमजोर भए पनि *बाँकी ७ पेजमा*

## राष्ट्रघाती एमसीसी सम्झौताविरुद्ध काठमाडौंमा क्रान्तिकारी माओवादीको विरोधसभा सम्पन्न




❑ **सागर श्रेष्ठ**

काठमाडौं। राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीको माग गर्दै नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंले रत्नपार्क शान्तिबाटिकामा विरोधसभा सम्पन्न गरेको छ।

सैयौंको सहभागितामा *बाँकी ५ पेजमा*

## अखिल (क्रान्तिकारी) केन्द्रीय समितिको आयोजनामा प्रशिक्षण कार्यक्रम सम्पन्न

**कालीकोटबाट नेपाली काँग्रेस निकट तरूण दल र माओवादी केन्द्र परित्याग गरी ने क पा (क्रान्तिकारी माओवादी)मा प्रवेश**



काठमाडौं। ने.क.पा (क्रान्तिकारी माओवादी) निकट अखिल(क्रान्तिकारी) केन्द्रीय *बाँकी ५ पेजमा*

## अखिल नेपाल जनसाँस्कृतिक महासंघको राष्ट्रिय भेला सम्पन्न
## प्रा.डा.जगदीशचन्द्र भण्डारीको नेतृत्वमा ६३ सदस्यीय केन्द्रीय समिति चयन



काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल जनसांस्कृतिक महासंघको राष्ट्रिय भेला इच्छुक साँस्कृतिक प्रतिष्ठानको सभाहलमा सम्पन्न भएको छ। क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले प्रा.डा. जगदीशचन्द्र भण्डारीको नेतृत्वमा ७ सदस्य पछि थप्ने गरी ६३ सदस्यीय केन्द्रीय समिति चयन *बाँकी ४ पेजमा*

## एमसीसी र भारतीय ज्यादतीका विरुद्ध विरोध प्रदर्शनसहित कैलालीमा किसान महासंघ (क्रान्तिकारी)को जिल्ला भेला सम्पन्न

कैलाली। नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)ले राष्ट्रघाती एमसीसी सम्झौता र भारतीय ज्यादतीका विरुद्ध विरोध प्रदर्शन गर्दै कैलाली जिल्लाको प्रथम भेला सान्दार रूपमा सम्पन्न गरेको छ। कैलालीको अत्तरियामा जनताको व्यापक सहभागितासहित विरोध ऱ्याली र सभा समेत सम्पन्न गरियो। किसान महासंघ(क्रान्तिकारी)का महासचिव धनेश्वर पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले राम भाटको नेतृत्वमा




१९ सदस्यीय समिति गठन गरेको छ। जसमा उपाध्यक्ष खुशिराम चौधरी, सचीव टेकराज ग्यावाली, सहसचिवहरू बिक कोषाध्यक्ष जानू दमाई *बाँकी ५ पेजमा*

## 'एमसीसी संसदमा बहसको विषय हुनै सक्तैन र यसलाई संसदमा टेबुल गर्नै पाइदैन' –*सीपी गजुरेल*




काठमाडौं। एमसीसी खारेजका लागि २६ राजनीतिक दल तथा संगठनहरूव्दारा २०७८ मंसीर२४ गते राजधानीको माइतीघर मण्डलादेखि संसदभवन अगाडि नयाँ बानेश्वर चोकसम्म नारा र व्यानरसहित विरोध जुलुस सम्पन्न गरियो।

उक्त विरोध जुलुस पश्चात जुलुसलाई विभिन्न राजनीतिक दल तथा संगठनहरूका प्रतिनिधिहरूले सम्वोधन गरेका थिए। उक्त विरोध सभालाई सम्वोधन गर्दै नेकपा(क्रान्तिकारी माओवादी) स्थाई समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले एमसीसीको बहस संसदमा चलाउनै मिल्दैन र यो सम्झौतालाई संसदमा टेबुल गर्नै पाइदैन भन्नु भयो।

संसदवादीहरूले अति *बाँकी ४ पेजमा*

# नेपालको वर्तमान सन्दर्भमा फ्रान्सेली क्रान्तिको शिक्षा र इतिहासको पुनरावृतिको सम्भावना

***सन् १७८९ को फ्रान्सेली क्रान्ति नवोदित पुँजीपति वर्गले सामन्तवाद र सामन्तवादी शासन प्रणालीको विरूद्धमा गरेको आजसम्मको सवभन्दा जबरजस्त, निर्मम, संझौताहीन र निर्णायक क्रान्ति थियो। क्रान्ति आफैमा एक दशक जारी रह्यो। यसले अभुतपूर्व र आमुल सामाजिक तथा राजनीतिक परिवर्तन ल्यायो। राजातन्त्रको समुल नष्ट गऱ्यो र मुलुकमा धर्मनिरपेक्ष लोकतान्त्रिक गणतन्त्रको स्थापना गऱ्यो । यस क्रान्तिले पहिलो पटक मानव इतिहासमा स्वतन्त्रता, समानता र भातृत्वको नारा बुलन्द गऱ्यो***



● हुकुम बहादुर सिंह ●

इतिहासवारे एउटा स्थापित भनाइ छ, त्यो हो- इतिहास निर्मम हुने गर्छ र इतिहासका पाइलाका आवाजलाई सुनेर-पछ्याएर त्यसबाट पाठ नसिक्नेहरूबाटै इतिहासको निर्मम पाठ पुनरावृत्ति हुने गरेका छन् । त्यस्तै एउटा निर्मम पाठ इतिहासमा पढन पाइन्छ, त्यो हो- फ्रान्सेली क्रान्ति र प्रतिक्रान्तिको इतिहास।

फ्रान्सेली क्रान्तिकारीहरूमा आएको विचलन र उनीहरूको मैमत्तापनका कारण क्रान्तिपछि कसरी सैनिक तानाशाहहरूको उदय हुन्छ, पुरानो राजनीतिक सत्ताको पुनर्स्थापना हुन्छ र क्रान्तिकारी शक्तिहरू पतन भएर इतिहासको कुँडाकरकटमा कसरी निर्मम ढंगले मिल्काइन्छन भन्ने कुरा विश्वभरीका क्रान्तिकारीहरू र परिवर्तनशील शक्तिहरू, खासगरी वर्तमानमा नेपालका क्रान्तिकारीहरू र परिवर्तनशील शक्तिहरूले फ्रान्सेली क्रान्ति र प्रतिक्रान्तिकाबाट सिक्नैपर्ने पाठ हुन गएको छ। खासगरी नेपालमा देखिएका विभिन्न संसदवादी राजनीतिक दलका नेतहरूमा देखिएका राष्ट्रघाती र जनघाती प्रवृतीका कारण कतै नेपालमा पनि फ्रान्सेली क्रान्ति र प्रतिक्रान्तिको इतिहासको पुनरावृति त हुने होइन , शंका गर्ने परिस्थितिको विकास हुँदै गएको अनुभूती हुन्छ।

फ्रान्सेली क्रान्ति र प्रतिक्रान्तिको २३२ वर्ष(१७८९-२०२१)पछि नेपालमा इतिहासको त्यही निर्मम पाठ पुनरावृत्ति हुने सम्भावना बलियो देखिदै छ। वर्तमानमा नेपालका क्रान्तिकारी शक्तिहरूमा आएको *बाँकी ५ पेजमा*

## सम्पादकीय

# मिडिया, पत्रकार र बुद्धिजीबीको दलालीकरण ?

पत्रकार आचारसंहितामा राष्ट्रिय स्वाधीनता र जनताको हित जहिल्यै पनि सबैभन्दा केन्द्रमा पर्दछ । राष्ट्र र जनताको अहितमा पत्रकारिता गर्ने छुट छैन पत्रकारहरुलाई । विडम्बना आफूलाई व्यवसायिक र स्वतन्त्र पत्रकारिताका हिमायति भन्नेहरुले अहिले सत्ता, शक्ति र पैसाको प्रभावमा परेर पत्रकारिता गरिरहेका अनगिन्ती दृष्टान्तहरु छन् । आज सिंगो देश एमसीसी राष्ट्रघाती सम्झौता हो भनेर आन्दोलित बनिरहँदा, यो सम्झौता खारेज गरिनुपर्दछ भनेर चौतर्फी रुपमा आवाज उठिइरहँदा मूलधारका भनिएका यस्ता मिडियाहरुमा ती आन्दोलन र आवाजहरुले ठाउँ पाउन सकिरहेका छैनन् । एकाध त्यो पनि आकल झुकल विषयहरु आए पनि राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताजस्तो संवेदनशील विषयसँग जोडिएका मुद्दाहरु र यी मुद्दाहरुलाई लिएर दैनिकजसो हुने विरोधका कार्यक्रमहरुलाई किन यी मिडियाहरुले पर्याप्त मात्रामा स्थान दिंदैनन् ?

एमसीसीको खारेजीका लागि आवाज उठाउँदै आएका विज्ञ डा.सुर्यराज आचार्यले टिप्पणी गरेजस्तै नेपालका केही नेता, बुद्धिजीवी, मिडिया मालिक तथा बरिष्ठ भनिएका पत्रकारहरुलाई यो देश नै चाहिएको छैन । उनीहरुको उठबस डलरसँग हुनथालेपछि यो देशको स्वाधीनता र सार्वभौमिकतासँग त्यो तप्का र वर्गले खासै सरोकार राख्दैन र त्यसलाई केन्द्रमा राखेर विचार र समाचारको सम्प्रेषण पनि गर्न जरुरी ठान्दैन । मूलधारका मिडियाका सञ्चालक, लेखक र बरिष्ठ भनिएका पत्रकारहरुको स्वार्थ र प्रवृत्ति मिल्ने हुनाले पनि उनीहरु अमेरिकी अधिकारीहरु स्वयम्ले यो अमेरिकाको सुरक्षाको रणनीतिको अभिन्न अंग भएको बताइरहँदा उनीहरु भने विशुद्ध आर्थिक अनुदान तथा सहयोग मात्र भएको भन्दै एमसीसी सम्झौता छिटो पास हुनुपर्ने वकालत गरिरहेका छन् । योभन्दा भद्दा दलाली अरु के हुन सक्छ ? यसरी मिडिया, पत्रकार र बुद्धिजीवीहरुको एमसीसीकरण भएपछि त्यसले आम जनसर्वसाधारणमा पनि केही भ्रम पैदा भइरहेको छ र विशाल जनमतले एमसीसी खारेज गरिनुपर्छ भन्दै गर्दा केही मान्छेहरु एमसीसीको पक्षमा पनि वकालत गरिरहेका छन् ।

मिडिया, पत्रकार र बौद्धिक समुदाय भनेका समाजका पथप्रदर्शक जस्तै हुन् । उनीहरुले जहिल्यै पनि देश र जनतालाई केन्द्रमा राखेर विचार र समाचारको सम्प्रेषण गर्नुपर्दछ । यो पत्रकारिताका आधारभूत आचारसंहिता पनि हो । त्यसैले मिडियालाई आवाजविहिनहरुको आवाज भनिएको हो । समाजको ऐना भनिएको हो । वाच डग भनिएको हो । राज्यको चौथो अंगको हैसियत पाएको यो जगतले जब तथ्य भन्दा पनि मिथ्या विचार र समाचारहरु सम्प्रेषण गर्दछ र जनमतलाई दिग्भ्रमित तुल्याउँछ, त्यो आफैमा देश र जनताविरुद्धको ठूलो अपराध बन्न पुग्दछ । देशका राजनीतिक पार्टी, तिनका नेता तथा राज्यका प्रमुखहरुले बाटो बिराए वा देश र जनताको अहितमा काम गर्न खोजे भने खबरदारी गर्ने र जनतालाई सही सुचना सम्प्रेषण गर्ने महत्वपूर्ण जिम्मेवारी तथा कार्यभार मिडिया र पत्रकारको हुन्छ ।

हो, अहिले एमसीसी सम्झौताको विषयमा त्यही स्थिति खडा हुन पुगेको छ । एमसीसी सम्झौताका विज्ञ, तत्कालीन डबल नेकपा (झलनाथ नेतृत्व)को कार्यदल, अद्येता, विश्लेषक तथा राजनीतिज्ञहरुले समेत एमसीसी सम्झौता नेपालको हितमा छैन । यो सम्झौतालाई संसदबाट पास गरिए देशको स्वाधीनता गुम्ने, नेपाल साम्राज्यवादी मिसनमा हिडिरहेको अमेरिकाको सुरक्षा छाताभित्र पुग्ने खतरा औल्याइरहेको बेलामा यहाँका सरकार प्रमुख, केही राजनीतिक दलहरु एमसीसी सम्झौता पास गर्न आँखा चिम्लेर लागिरहेको अवस्थामा नेपालका मिडियाहरुले राष्ट्रिय स्वाधीनता वा एमसीसी विरोधी आवाजलाई जुन स्थान दिएर आम जनता समक्ष सत्य तथ्य कुराहरु पुऱ्याउनु पर्ने हो, त्यो भइरहेको छैन । अहिले देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरु जो निरन्तर रुपमा एमसीसी खारेजीको आन्दोलनमा छन्, उनीहरुले नेपाली मिडियाहरुको हैसियत र प्रवृत्तिको विषयमा प्रश्नहरु उठाइरहेका छन् । के नेपाली मिडिया, पत्रकार र बुद्धिजीबीहरुको दलालीकरण(एमसीसीकरण) भएकै हो त ? यस प्रश्नको जवाफ मूलतः आफूलाई ठूलो र कर्पोरेट भन्ने मिडिया र केही बरिष्ठ भनिने पत्रकार तथा बुद्धिजीवीहरुले दिन जरुरी छ ।

परिवर्तनको सम्वाहक



सत्यतथ्य निषेक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# इतिहासबाट पाठ सिकी वर्तमानमा पाइला चाल्नु जरूरी

*सच्चा क्रान्तिकारी कम्युनिष्टहरू क्रान्तिप्रति सचेत रूपले गम्भिर हुनु जरुरी छ । क्रान्ति भनेको व्यापक श्रमजिवी जन-सहभागिता बिनाको क्रान्ति, खास क्रान्ति नभई विगतमा भए गरेका बुर्जुबा क्रान्ति जस्तै भ्रान्तिमा परिणत हुन जान सक्ने सम्भावनालाई नकार्न मिल्दैन । यसो भनेर फेरि जन-सहभागिता जुटाउनुको नाउँमा ठूलठूला भाषणबाजी, सैद्धान्तिक ब्याख्या र विश्लेषण, वक्तव्य र पर्चाबाजिको होद चलाउँदैमा जन-सहभागिता जुताउन सकिन्न*



● पुष्प गोपाल श्रेष्ठ ●

देश स्वतन्त्र चाहन्छ, जनता मुक्ति चाहन्छ । मुक्ति र स्वतन्त्रता भनेको क्रान्तिकारी पार्टीका क्रान्तिकारी कम्युटिष्ट हौँ भन्ने सुगारटाइको भरमा प्राप्त हुने कुरा होइन । न यो रोई कराई दुबै हात फैलाएर भिख माग्दैमा पाउने कुरा हो । मुक्ति र स्वतन्त्रताको निम्ति क्रान्तिकारी आन्दोलनको जरुरी पर्दछ । क्रान्तिकारी आन्दोलन पराजित मानसिकताले हाँक्न सक्तैन । क्रान्तिकारी आन्दोलन हुन र गर्न सच्चा क्रान्तिकारी पार्टी बिना सम्भवन हुन्न । त्यसो भन्नुको अर्थ नाउँ मात्रको क्रान्तिकारी पार्टी होइन । जन-सेना बिनाको पार्टी सच्चा क्रान्तिकारी पार्टी बन्न सक्तैन भनेर, सर्वहारा वर्गिय नेता माओत्सेतुङले त्यतिकै भनेका होइनन् । सच्चा क्रान्तिकारी पार्टीसँग जनसेना त हुनैपर्छ । फेरि यसो भनेर जनसेना भनेका आकाशबाट खुसुक्क तल झर्ने होइन, न यो धर्तिबाट सुटुक्क पलाउने नै हो । जनसेना भनेका खासमा श्रमजिवी जनता हुन । जो मार्क्सवाद-लेनिनवाद-माओवादी सिद्धान्तमा आधारित राजनैतिक चेतना अर्थात बैचारिक हतियारबाट शुसजित श्रमिक जनता नै जनसेना हुन् । यसो भनेर फेरि साराका सारा श्रमिक जनता क्रान्तिकारी जनसेना नै हुन् भन्ने कुरा होइन । त्यस मध्ये कतिपय आवारागिरिहरू पनि हुन्छन् जो, सैद्धान्तिक एवम् राजनैतिक चेतना बिहिन छन् ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीले क्रान्तिकारी संघर्षको दौरानमा देश, काल र परिस्थिति हेरी आवश्यक्ता अनुरूप यसलाई भौतिक हतियारधारी सेना फर्मेसनमा परिणत पनि गर्न सकिन्छ र गर्नुपर्ने हुन्छ । तर, हतियारधारी सेना फर्मेसन गर्दा, सेना हतियारको नीति निर्देशनमा होइन बरु बैचारिक नीति निर्देशनलाई कडाइका साथ अनुशासित भई अगाडि बढ्ने अनुमति स्थापित गरेको हुनुपर्छ ।

खासमा भन्नु पर्दा २००७ सालमा भए गरेका जनआन्दोलनलाई धोकापूर्ण सम्झौतामा टुङ्ग्याई प्रजातन्त्रको प्रादुर्भाव भयोभनि बढो गौरबतासाथ घाँटि फुलाई डिङबजाई गर्दैगर्दा पूर्व अधिराजकुमार तथा राजा महेन्द्रको धुरत्याँई नीति विरुद्ध पटक पटक संघर्ष गर्दै, ०१५ सालमा बढो मुस्किलले आम चुनाव मार्फत संसदीय व्यवस्था कायम गर्नल्याई पुऱ्याएका थिए । तर, देश र जनताप्रति गैरजिम्मेवार बनी केवल आफ्नो व्यक्तिगत स्वार्थ र दलगत स्वार्थमा अल्झेर, राज्यको अग्रगामि परिवर्तन नचाहने शक्तिहरूले क्रमशः बर्चस्व कायम गर्दै आएका थिए । सम्झौतापरस्त अग्रगामि मानिएका दलका नेतृत्वहरूले आफ्ना एजेण्डाहरू छोड्दै जाने प्रक्रिया तीब्र हुँदैगए । देशको भविष्य बारे निर्णय गर्ने जिम्मा अन्ततः खस-आर्य समुदायका सीमित टाउकेहरूमा गुज्रिन पुग्यो । यी टाउकेहरूका चोचोमोचो मिलेपछि जे कुरा पनि जायज हुने परिस्थिति निर्माण गरियो । राज्यको स्रोत र साधनमाथी उनिहरूकै हालिमुहाली कायमरहने स्थिति बनाउँदै लग्यो । परिणामतः ती आफ्नो समुदायप्रति उदासिन तर आफ्ना राजनीतिक मालिकहरूप्रति नतमस्तक बन्ने स्थिति पैदा भयो । सिंगो उत्पीडित समुदायका मुक्तिका खातिर दिलोज्यान दिने कसम खाएका आफ्नै प्रतिनिधिले धोका दिएपछि त्यसले चरम निरासामा पुऱ्याउने नै भए ।

उत्पीडित जनवर्गिक समुदाय बीच परस्पर विभाजित गरेर सम्भ्रान्त जात, वर्ग, लिंगले आफ्नो प्रभुत्व सुनिश्चित गर्दै गएका छन् । आपसि बिभाजन बढेर गएपछि साझा आन्दोलनको सम्भावना क्षीण हुँदै गयो । जस्ले गर्दा शासक वर्गको मनोबल तिब्र बन्दैजाँदा देशमा बलात्कार हिंसा र हत्याकाण्ड जस्ता क्रुरर घटनाहरू अत्याधिक हुनपुगे । यस सम्बन्धमा राज्यले पीडित पक्षलाई न्याय दिनुको सत्ता शासकवर्ग र जातका अपराधिहरूलाई उन्मुक्ति दिएर पीडित पक्षको घाउमा नुनचुक छर्किन पुगिरहेका छन् । र दण्डहिनता सँगै राज्यमा भ्रष्टाचार, अनियमितता र चरम ब्रम्हलुट गरी देश र जनतालाई नाङ्गेझार पार्दै मदहोस बनि हिंडेका ओली आफु सत्ताच्यूत भएपछि, देशमा एमसीसी बिरुद्ध ब्यापक जनआन्दोलन चर्किंदै गइरहको वर्तमान स्थितिमा, आन्दोलनकारीहरूलाई भुलभुलैयामा पारेर आफु चोखो बन्ने हेतु अपनाई छत्तु स्यालले झैं अहिले आएर एमसीसी संशोधन गरी पारित गर्नेकुरा गर्न आइपुगेका छन् ।

अर्कापक्ष वर्तमान सरकारका प्रधानमन्त्री नेपाली काँग्रेस शेरबहादुर देउवाकै नेतृत्वमा ०७४ सालमा गठित सरकारका अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्की त्यसै बेला अमेरिका पुगेर गुपचुप तरिकाले एमसीसी सम्झौता गरी आएका थिए । र अहिले त्यसै सम्झौता अमेरिका मिलेनियम च्यालेन्च कर्पोरेशन राष्ट्रघाटी एमसीसी सम्झौतालाई संसदबाट अनुमोदन गर्न गराउन वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले आफुले भ्याएसम्मको हरकत अपनाउँदै मरिहत्य गर्दैछन् । भने अर्कोतिर संसदीय दलका प्रायः कुनैपनि ढुलमुले नेतृत्व पंति प्रति यतिखेर विश्वास गर्न लाएक देखिन्न र छैनन् ।

नेपाल २१ औं शताब्दीमा आइपुगि सक्दा पनि उहि बिग्रन्दो स्थितिबाट माथि उठ्न नसक्नुको मूल जड भनेको सामन्तवादी राज्यसत्तालाई टिकाई राख्न सिर्जना (निर्माण) गरिराखेको त्यो चार खम्बाहरू, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र सुरक्षा इकाई, यी चार खम्बा माथि टिकीरहेको वर्तमानको यो दलाल नोकरशाही पूँजीवादी अर्ध-सामन्ति तथा अर्ध-(नव) औपनिवेशिक राज्य व्यवस्था नै हो । जवसम्म यो व्यवस्था कायम् रहिरहन्छ तवसम्म नेपालको उन्नति हुने आशा पालेर बस्नु महाभूल हुनेछ मात्र होइन महाभूल भइरहेको छ । यो देश र जन-विरोधी व्यवस्थालाई ध्वष्ट पारी, नयाँ जनवादी व्यवस्था (संघिय जनगणतन्त्र) कायम गर्न सशस्त्र जन-विद्रोह नै आजको एकमात्र अनिवार्य शर्त हो र यसलाई कुनै अर्थमा पनि नकार्न मिल्दैन ।

सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले विगतका इतिहासबाट पाठ सिकी वर्तमानको आवश्यक्ता अनुरूप पाइला चाल्न सक्नु पर्दछ । हाम्रो पुर्खाले आर्ज्याको सम्पत्ति भन्दै सामन्ति संस्कार 'आफु भलो त जगत भलो' भन्ने व्यक्तिवादी सोचमा दुबेर आफु बसिबसि खाने, अरुलाई चाहिं मरनान्त हुनेगरी जोत्नसम्म जोतेर आएको फल जम्मै आफुले सोरपटर गरी खाने, तर फल फलाउने श्रमिकले भने आफ्नो श्रमको फल चाख्नसम्म नपाउने गरी स्थापित रितिरिवाजभित्र रमाएर, नयाँ नेपाल बनाउने सपना बुन्न चाहिं नछोड्ने, यस्तो उदेग लाग्दो चालाले किमार्थ नयाँ नेपाल निर्माण गर्न सकिन्न । नयाँ नेपाल निर्माण गर्न हामीले हाम्रो पुरानो समाजको जगमा उभिएर नयाँ नेपालको निर्माण कसरी हुन्छ ? यो असम्भव कुरा हो । नयाँ नेपाल निर्माण गर्न आजको आवश्यक्ता अनुरूप भन्नु नै नयाँ सोचको नयाँ संस्कार (नयाँ संस्कृति) निर्माण गरी, नयाँ संस्कारको जगमा उभिएर नयाँ नेपाल निर्माण गर्ने जमर्को गर्न सक्नुपर्छ ।

हामीले हामीभित्र पनपनाई रहेको हाम्रो आफ्नो कमजोरी पनलाई पहिचान गरी, त्यस्तो कमजोरिपनबाट मुक्त हुनु पर्छ भन्ने सोच्नसम्म पनि नसकी उल्टो, त्यसै कमजोरिलाई आफ्नो जीवनको गौरव थानी आफ्ना पुर्खाले सृजना गरेर गएका ती विषय वस्तुहरूको महिमाको गुनगान गाउनु र त्यसको वरिपरि चक्कर मार्दै जीवनका अमूल्य समयलाई खेर फाल्ने जस्तो क्रियाकलापले गर्दा, आज हामीले यस्तो हविगत झेल्नु परिरहेको छ । हिजोका दिनमा हाम्रा पुर्खाले आफ्नो पहिचानलाई जिवीत राख्न, सामुहिक सोचलाई सर्वोपरि मानी देशको मान-मर्यादा अर्थात राष्ट्रिय स्वाधिनताको रक्षालाई अग्र-स्थानमा राखेर, देश, काल र परिस्थितिको आवश्यक्ता अनुरूप (सुहाउँदो) भाषा, साहित्य, कला, संस्कृति, रितिरिवाज र रहनसहन जे जस्ता जस्तो किसिमले सृजना गरेका थिए, ती सबका सबलाई नामेट पार्दै सिर्जनशिल आदिवासि जनजाति समुदाय अर्थात नेपालका आदिवासि नेवाः जातिय समुदायलाई नै ध्वष्तपारी सिङ्गो नेपालमा रजाइँ गरी बस्ने दुरासय मानसिक्ता बोकी आएका ती दुष्टजनहरू नेवाः जातिय समुदायको सिर्जनशिलता, सदासयता र स्वाभिमानी प्रतिमूर्ति सामू नतमस्तक भई नेवाः जातिय समुदाय अर्थात नेपाल (इतिहासकार जगदिश चन्द्र रेग्मी :- “जातिवाचक नेवार नाम देश वा राष्ट्रवाचक नेपालकै व्यवहारिक रूप हो”) मै बिलय हुन पुगेको इतिहास यथावत छ, त्यो मेटेर मेटिन्न ।

आजका जन-समूदायले अत्यन्तै महत्वका साथ बुझ्नु पर्ने कुरो के हो त भने जात र जाती भनेको एउटै विषय वस्तु होइन । जाती भनेको एउटा जनसमुदाय हो । जाति भनेको कुनै नश्लीय वा प्रजातिय होइन, बरु ऐतिहासिक दृष्टिले स्थापित एउटा जनसमुदाय हो । जाती भनेको कुनै अनियमित वा क्षणिक जनघट होइन, बरु मानिसहरूको एक स्थिर समुदाय हो । तर फेरि यसो भनेर सबैका सबै स्थिर जन-समुदायहरू जाती बन्दैनन् । विश्वमा त्यस्ता कतिपय स्थिर जन-समुदायहरू छन् तर तिनलाई जाती कहलाउन सकिन्न । कुन कुराले राज्य समुदायबाट जातीय समुदायलाई छुट्याउने भन्दा, त्यसो छुट्याउने माध्यम एउटा साझा भाषा हो । साझा भाषा बिना जातीय समुदाय कल्पनासम्म पनि गर्न सकिन्न । तर, राज्यको निम्ति एउटा सझा भाषा हुनैपर्छ भन्ने छैन । जातीय समुदाय कहलाउन जातीय समूदायमा अनिवार्य रूपमा हुनै पर्ने विषय भनेको विशेषतः साझा भाषा, साझा इलाका, साझा आर्थिक जीवन र साझा संस्कृतिमा व्यक्त मनोवैज्ञानिक स्वरूपको आधारमा निर्मित एक ऐतिहासिक रूपले स्थापित, स्थिर जनसमूदाय हो । यसलाई अर्को अर्थमा भन्नुपर्दा कुनै पनि स्वतन्त्र राष्ट्रको निखर राष्ट्रियताको पहिचान भनेकै त्यहाँको जातीय समूदाय हो ।

जातीय समूदायको भँगालोलाई तितर वितर पारी आफ्नो दुरासयपूर्ण स्वार्थका लागि सामन्तवादीहरू विशेषतः हिन्दु-धर्मालम्विहरूले वर्ण-व्यवस्था लागु गर्न लामो समयदेखि प्रयास गर्दै आएता पनि जातीय समूदायको स्थिर साझा नीति र सामुहिक सोच सामू केहि लागेको थिएन । तर, जयस्थिति मल्लले समाज-सुधारको नाउँमा वर्ण-व्यवस्था अन्ततः लागुगर्न सफल हुन पुगेका थिए । त्यसै बेलादेखि वर्ण-व्यवस्थाभित्रको त्यो जालसाजी धर्ममा लुटुपुटु भई विभिन्न उच-नीच जातभातमा विभाजित भई टुट्फुट्को स्थितिबाट फाइदा उठाउँदै, व्यक्तिगत महत्वाकांक्षी पृथ्वीनारायण शाहले धुर्त्याईंपूर्ण जालझेलको तरिका अपनाई गोरखा राज्य विस्तार गर्ने क्रममा, नेपालका तमाम् आदिवासी जनजातीहरूलाई तितर वित पारेर देशलाई तहस नहस पार्दै आन्तरिक उपनिवेश खडा गरेका थिए । जसलाई पृथ्वीनारायण शाहका घोषित तथा अघोषित उत्तराधिकारी सत्तासिनहरूले उक्त कार्यलाई निरन्तरता कायम गर्ने शीलशिला जारिराख्दै बहुमतको दम्भमा उभिएर ओलि नेतृत्वको सरकारले त्यतिखेर अलकापुरि कान्तिपुरलाई पुरै ध्वष्ट पारी यहाँका रैथाने नेवाः जतिय समुदायलाई उठिवास गराई नेवाः जातीको अस्तित्व नै नामेट (समाप्त) गर्न खोजेको मात्र होइन, उसले नेपालको राष्ट्रिय स्वाधिनतालाई नै सखाप पार्ने अभिप्रायका साथ बिना हिचकिचाहट एमसीसी सम्झौता संसदबाट अनुमोदन गराउन मरिहत्य गरी लागिपरि रहेको स्थिति थियो ।

सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले अत्यन्तै महत्वकासाथ यादगार बनाई राख्नु पर्ने कुरो भनेको “सिद्धान्तमा आधारित नीति नै एक मात्र सही नीति हो” पार्टी नेताहरूले आफ्नो बहुमतको रायलाई आदर नगरिरहन सक्दैन । बहुमत यस्तो शक्ति हो जसलाई नेताले महत्व नदिई रहन सक्दैन । तर, खास गरी बहुमत को कुनै सैद्धान्तिक आधार नरहँदा, बहुमतको बन्दीभई बस्नु पनि ठिक होइन । हाम्रो पार्टीको इतिहासमा यस्ता क्षण पनि रहेका छन् । बहुमतको दम्भमा ती आत्मासमर्पणवादीहरूले पार्टी, सर्वहारावर्गका मूल हितहरू र दश वर्षिय महान जनयुद्धलाई तहस नहस पार्दै, तीनिहरू वर्गीय दुस्मनहरूको जन-विरोधि क्याम्पभित्र लुते कुकूरको जीवन जिउन पुगेका थिए । यस्तो बेला हामी सच्चा क्रान्तिकारी कम्युनिष्ट हुनुको नाताले क्रान्तिकारी लाल झण्डा भूईमा गिर्नबाट जोगाई, त्यस्ता धोकेवाज गद्दारहरूबाट छुट्टै क्रान्तिकारी पार्टी पुनरगठन गरी, अधुरो नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा धालेर देश र जनताको आवश्यक्ता र चाहना स्वरूप नयाँ जनवादी राज्य-व्यवस्था कायम गर्ने उद्देश्य सहित आवश्यक तयारिमा जुतिरहेको वर्तमान स्थितिलाई केन्द्र बिन्दु बनाई प्रत्येक क्रान्तिकारी कम्युनिष्टहरूले आ-आफ्नो क्रान्तिकारी पहिचान दर्साई जुझारु ढङ्गले अगाडि बढ्नु आजको राष्ट्रिय आवश्यक्ता हो ।

पार्टीका सिद्धान्तकार तथा नेताहरू, विश्व इतिहास सित परिचित रहेका र क्रान्तिहरूको इतिहासको आद्योपान्त अध्ययन गरेका मानिसहरू कहिले काहिं एउटा लज्जाजनक रोगबाट पिडित हुन्छन् । यो रोग हो जन-साधारणबाट डर, जन-साधारणको रचनात्मक शक्तिमा अविश्वास । यसले गर्दा क्रान्तिको इतिहास सित सुपरिचित नभएता पनि पुरानो व्यवस्थालाई विनष्ट पारी नयाँ निर्माण गर्ने जन-साधारण प्रति एक प्रकारको अभिजात वर्गिय दृष्टिकोण कहिले काहिं नेताहरूमा पैदा हुन्छ । प्रकृतिमा भुइँचालो नै आउला कि, जन-साधारणले “ज्यादै बढ्ता विनष्ट” पार्लान कि भन्ने डरबाट यस प्रकारको अभिजात वर्गीय दृष्टिकोण पैदा हुन्छ । भन्नु नै पर्दा यो जन-साधारणलाई किताबी ज्ञानबाट सिकाउन खोज्ने, तर जन-साधारणबाट सिक्न नचाहने निर्देशकको भूमिका खेल्ने इच्छाको उपज हो ।


सच्चा क्रान्तिकारी कम्युनिष्टहरू क्रान्तिप्रति सचेत रूपले गम्भिर हुनु जरुरी छ । क्रान्ति भनेको व्यापक श्रमजिवी जन-सहभागिता बिनाको क्रान्ति, खास क्रान्ति नभई विगतमा भए गरेका बुर्जुबा क्रान्ति जस्तै भ्रान्तिमा परिणत हुन जान सक्ने सम्भावनालाई नकार्न मिल्दैन । यसो भनेर फेरि जन-सहभागिता जुटाउनुको नाउँमा ठूलठूला भाषणबाजी, सैद्धान्तिक ब्याख्या र विश्लेषण, वक्तव्य र पर्चाबाजिको होद चलाउँदैमा जन-सहभागिता जुताउन सकिन्न । जन-सहभागिता जुटाउन, उनीहरूसँग सच्चा दिलले आत्मियता गाँसेर उनीहरूले भोग्नु परिरहेका अनेकौं दुःख कष्टका व्यथाहरू प्रति सम्वेदनशिल बनी समस्या सुल्झाउन सच्चा हितैसि मित्र बन्न सक्नु पर्छ ।

क्रान्तिप्रति अतल विश्वासका साथ समरपित सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले अत्यन्तै गम्भिर भई चिन्तन मनन् गर्नु पर्ने कुरो भनेको क्रान्तिका आधार स्तम्भ भनेको श्रमिजिवी जन-समूदाय हो । र ती श्रमिजिवी जनता क्रान्तिकारीहरूको चेला होइनन्, उनीहरू त क्रान्तिकारीहरूको प्राथमिक तहका गुरु हुन् । उनीहरूले भोग्नु परिरहेका ती गराई खाने ठगहरूद्वारा थोपरेको शोषण, दमन र उत्पीडन जस्ता अत्यन्तै कष्टकर जीवनका अनुभूतिहरू ग्रहन गर्न, क्रान्तिकारी कम्युनिष्टहरू स्वच्छ दिलले उनीहरूसँग हेलमेल भई क्रान्तिको निम्ति अत्यावश्यक उपरोक्त प्राथमिक शिक्षा हासिल गर्नु नितान्त जरुरी छ । आफुले ग्रहन गरेको उक्त शिक्षालाई, मालेमावादी सैद्धान्तिक लायभमा मिन तरिकाले प्रशोधित गरी निस्केको विशुद्ध क्रान्तिकारी अवधारणा, ती गराई खाने ठगहरू विरुद्ध लक्षित गरी, पुनः श्रमिजिवी जन-समूदायमा फर्काई, उनीहरूलाई क्रान्तिकारी संघर्षमा सक्रिय सहगभागि बन्न उत्साहित तुल्याई एकसाथ जुझारु ढङ्गले क्रान्तिकारी संघर्षमा उत्रने र उतार्ने जमर्को गर्नैपर्छ । देश र जनताको मुक्ति र स्वतन्त्रताको चाहनालाई परिपूर्ति गर्ने यो नै एक मात्र भरपर्दो माध्यम हो भने अर्कोतिर सच्चा क्रान्तिकारी कम्युनिष्टहरू समुन्दरको धार उल्टोतिरबाट अगाडि बढ्ने महाप्रलयकारी शक्ति हो । राष्ट्रिय मुक्तिको निम्ति यी दुईको संगम आजको अनिवार्य शर्त हुनुको सँगै यो वर्तमान युगको माग पनि हो ।

२०७८/०८/२०

ताहाचल, काठमाडौँ ।

# युवा आन्दोलनको दिशा : ४ मई १९३९



● हस्तबहादुर केसी ●

मई ४ आन्दोलनको बीसौँ वार्षिकोत्सव हो, र येनानका युवाहरू यस स्मृति-सभामा उपस्थित भएका छन्। त्यसैले यस अवसरमा चीनको युवा आन्दोलनको दिशासम्बन्धी केही सवालहरूबारे बताउनेछु।

पहिलो कुरा, मई ४ लाई हाल चीनको युवा दिवस भनी नामकरण गरिएको छ, र यसो गर्नु एकदम सही छ। मई ४ आन्दोलन भएको बीस वर्ष भइसक्यो, तर यस वर्ष मात्र त्यस दिनलाई राष्ट्रिय युवा दिवस भनी नामकरण गरिएको छ, र यो अति महत्वपूर्ण तथ्य हो। कारण, यस कुराले चिनियाँ जनताको साम्राज्यवाद र सामन्तवाद विरोधी जनवादी क्रान्ति छिट्टै नै एउटा मोडमा पुग्ने कुराको संकेत गर्छ। अनेक दशकसम्म यस क्रान्तिले एकपछि अर्को विफलता खप्नुपऱ्यो, तर अब यसे अवश्य एउटा परिवर्तन हुनुपर्छ, विफलतातर्फको परिवर्तन होइन तर विजयतर्फको परिवर्तन हुनुपर्छ, विफलतातर्फको परिवर्तन होइन तर विजयतर्फको परिवर्तन हुनुपर्छ। हाल चिनियाँ क्रान्ति अघिलम्कँदैछ, विजयतर्फ लम्कँदैछ। बिगत कालका विफलताहरू अब दोहोरिन पाउँदैनन् र तिनलाई दोहोरिनु दिनु पनि हुँदैन र अब त तिनलाई विजयमा फेर्नुपर्छ। तर यस्तो परिवर्तन भइसक्यो त ? अहँ, भएको छैन, न त हामीले अझसम्म विजय नै हासिल गरेका छौँ। तर विजय प्राप्त गर्न सकिन्छ। जापान विरोधी वर्तमान प्रतिरोध युद्धमा नै हामी विफलताबाट विजयतर्फको मोडमा पुग्न कोशिश गरिरहेका छौं। मई ४ आन्दोलन राष्ट्रघाती सरकारको विरूद्ध लक्षित थियो, एउटा त्यस्तो सरकारको विरूद्ध लक्षित थियो जसले साम्राज्यवादसँग साँठगाँठ गर्दै राष्ट्रिय हितलाई बेच्दथ्यो, र जनतामाथि अत्याचार गर्दथ्यो। यस्तो सरकारको विरोध गर्नु आवश्यक थिएन र ? आवश्यक थिएन भने मई ४ आन्दोलन गलत थियो। के कुरा टड्कारो छ भने यस्तो सरकारको विरोध गर्नेपर्छ, राष्ट्रघाती सरकारको तख्ता पल्टाउनै पर्छ। यसो सोच्नोस्त, मई ४ आन्दोलनभन्दा निकै अघि डा. सुन यात-सेन तत्कालीन सरकारविरोधी विद्रोही भइसक्नुभएको थियो, उहाँले छिङ सरकारको विरोध गर्नुभयो र त्यसको तख्ता पल्टाइदिनुभयो। उहाँले यसो गर्नु ठिक थिएन र ? मेरो विचारमा यसो गर्नु एकदम ठिक थियो। कारण, उहाँले जुन सरकारको विरोध गर्नुभयो त्यसले साम्राज्यवादको प्रतिरोध गर्दैनथ्यो। तर त्यससँग साँठगाँठ गर्थ्यो, र यो सरकार एउटा क्रान्तिकारी सरकार नभएर क्रान्तिलाई दबाउने सरकार थियो। मई ४ आन्दोलन एउटा क्रान्तिकारी आन्दोलन हुनाको गाँठी कारण के थियो भने यसले राष्ट्रघाती सरकारको विरोध गऱ्यो। चीनका युवाहरूले मई ४ आन्दोलनलाई यसै दृष्टिले हेर्नुपर्छ। आज सिङ्गै राष्ट्र जापानको प्रतिरोध गर्न लडाकू भावनासाथ जऱ्याक-जुरूक उठेको बेलामा हामीले जापानी साम्राज्यवादलाई पराजित गर्न दरिलो अठोट गरेका छौँ र हामीले विगत कालका विफलताहरूबाट चेतावनी लिएका हुनाले हामी कुनै पनि देशद्रोहीलाई बाँकी राख्नेछैनौँ वा क्रान्तिलाई फेरि विफल हुन दिनेछैनौँ। एकाध अपवादहरूबाहेक चीनका सारा युवाहरू ब्यूँझेका छन् र तिनले जित्ने अठोट गरेका छन् र मई ४ लाई युवा दिवस भनी नामकरण गर्ने कामबाट यो कुरा प्रष्ट भएको छ। हामी विजयको बाटोतिर लम्कँदैछौँ र सारा जनताले संयुक्त प्रयास गरेको खण्डमा चिनियाँ क्रान्तिले प्रतिरोध अवश्यै विजय प्राप्त गर्नेछ।

दोस्रो कुरा, चिनियाँ क्रान्ति के को विरूद्ध लक्षित छ ? क्रान्तिका निसानाहरू के के हुन् ? एउटा निशाना साम्राज्यवाद हो र अर्को निशाना सामन्तवाद हो भन्ने कुरा सबैलाई थाहै छ। हाल क्रान्तिका निशानाहरू के के हुन् ? एउटा निशाना जापानी साम्राज्यवाद हो र अर्को निशाना साम्राज्यवादका चिनियाँ दलालहरू हुन्। क्रान्ति गर्नको निम्ति हामीले जापानी साम्राज्यवाद र चिनियाँ देशद्रोहीहरूको तख्ता पल्टाउनै पर्छ। क्रान्ति गर्नेहरू को हुन ? क्रान्तिको मुख्य शक्ति के हो ? ती चिनियाँ आम जनता हुन्। क्रान्तिका प्रेरक शक्तिहरू सर्वहारा वर्ग, किसान समुदाय र साम्राज्यवाद र सामन्तवादको विरोध गर्न चाहने अरू वर्गहरूका सदस्यहरू हुन्। साम्राज्यवाद र सामन्तवादको विरोध गर्ने क्रान्तिकारी शक्तिहरू यिनै हुन्। साम्राज्यवाद र सामन्तवादको विरोध गर्ने क्रान्तिकारी शक्तिहरू यिनै हुन्। तर यी धेरैमध्येमा क्रान्तिको आधारभूत शक्ति, क्रान्तिको मेरूदण्ड को हुन् ? देशको जनसंख्यामा ९० प्रतिशत रहेका मजदुरहरू र किसानहरू नै क्रान्तिको मेरूदण्ड हुन्। चिनियाँ क्रान्तिको स्वरूप कस्तो छ ? आज हामी कस्तो खालको क्रान्ति गर्दैछौ ? आज हामी पुँजीवादी-जनवादी क्रान्ति गर्दैछौँ र हाम्रो कुनै पनि काम यसको सीमा बाहिर पर्दैन। मोटामोटी दृष्टिले भन्ने हो भने हामीले हाल निजी सम्पत्तियुक्त पुँजीवादी व्यवस्थालाई नष्ट गर्न गर्नु हुँदैन, हामीले नष्ट गर्न चाहेको कुरा त साम्राज्यवाद र सामन्तवाद हो। हामीले यसैलाई पुँजीवादी जनवादी क्रान्ति भनेको हो। तर यो क्रान्ति पूरा गर्नु पुँजीपति वर्गको सामर्थ्यभन्दा बाहिरको कुरा भइसकेको छ र यसको निम्ति सर्वहारावर्ग र व्यापक जन समूहको प्रयासमाथि भर पर्नैपर्छ ! जनवादी गणतन्त्र भनेको क्रान्तिकारी तीन जन-सिद्धान्तमा आधारित गणतन्त्र हो। यो हालको अर्ध- औपनेशिक तथा अर्ध-सामन्ती व्यवस्था र भविष्यको समाजवादी व्यवस्था यी दुवैभन्दा बेग्लै हुनेछ। समाजवादी समाजमा पुँजीपतिहरूको निम्ति कुनै स्थान रहँदैन, तर जनताको जनवादी व्यवस्थामा भने तिनको अस्तित्व रहन दिनुपर्छ। के चीनमा पुँजीपतिहरूको स्थान सधैँ रहिरहला त ? अहँ, भविष्यमा अवश्यै रहनेछैन। यो कुरा चीनको हकमा मात्र होइन, सारा संसारकै हकमा सत्य ठहर्छ। भविष्यमा बेलायत, अमेरिका, फ्रान्स, जापान, जर्मनी र इटाली कुनै देशमा पनि पुँजीपतिहरूको निम्ति स्थान रहनेछैन र चीन पनि यस कुराको अपवाद हुँदैन। सोभियत संघ एउटा त्यस्तो देश हो, जसले समाजवादको स्थापना गरिसकेको छ, र सारा संसारले यसको अनुसरण गर्ने कुरामा कुनै शंका छैन। चीन भविष्यमा अवश्यै समाजवादतर्फ लम्कनेछ, यो एउटा अकाट्य नियम हो। तर वर्तमान चरणमा हाम्रो अभिभारा समाजवाद लागु गर्नु होइन तर साम्राज्यवाद र सामन्तवादलाई ध्वस्त पार्नु, चीनको वर्तमान अर्ध-औपनिवेशिक र अर्ध-सामन्ती स्थितिलाई बदल्नु र जनताको जनवादी व्यवस्था स्थापना गर्नु। सिङ्गै देशका युवाहरूले यसैको निम्ति प्रयत्न गर्नुपर्छ।

तेस्रो कुरा, चिनियाँ क्रान्तिबाट सिक्नुपर्ने पाठहरू के के हुन् ? यो पनि हाम्रा युवाहरूले बुझ्नुपर्ने एउटा महत्वपूर्ण सवाल हो। ठीक-ठीक भन्ने हो भने, साम्राज्यवाद र सामन्तवाद विरोधी चीनको पुँजीवादी- जनवादी क्रान्ति डा. सुनयात-सेनको हातबाट शुरू भएको थियो र यो पचास वर्षभन्दा बढी समयदेखि चलिआएको छ, चीन विरोधी विदेशी पुँजीवादी अतिक्रमण भने झण्डै सय वर्षदेखि चलिआएको छ। यस शताब्दीमा पहिले बेलायती अतिक्रमण विरोधी अफिम युद्ध भयो, त्यसपछि थाइफिङ स्वर्गिक राज्य युद्ध भयो, त्यसपछि १९९४ को चीन-जापान युद्ध, १९९८ को सुधार आन्दोलन, ई हो थ्यान आन्दोलन, १९११ को क्रान्ति, मई ४ आन्दोलन, उत्तरी अभियान, र लाल सेनाद्वारा सञ्चालित युद्ध भए। ती संघर्षहरू एक अर्कोभन्दा बेग्लाबेग्लै भए तापनि विदेशी शत्रुहरूको मुकाबिला गर्नु वा विद्यमान परिस्थितिहरूलाई बदल्नु तिनको साझा उद्देश्य थियो। तर डा. सुन यात-सेनका पालादेखिमात्रै अलि प्रष्ट रूपले पुँजीवादी-जनवादी क्रान्ति शुरू भयो। डा.सुन यात-सेनले शुरू गर्नुभएको क्रान्तिले बितेका पचास वर्षमा सफलताहरू र विफलताहरू दुवै हात लाएको छ। १९११ को क्रान्ति एउटा सफल क्रान्ति थिएन र ? यसले सम्राटलाई सत्ताबाट मुन्ट्याएन र ? तै पनि यो क्रान्ति कुन अर्थमा विफल थियो भने यसले सम्राटलाई सत्ताबाट मुन्ट्याए तापनि यसले चीनलाई साम्राज्यवादी र सामन्तवाद विरोधी क्रान्तिकारी अभिभारा अधुरै रह्यो। मई ४ आन्दोलनको उद्देश्य के थियो ? यसको उद्देश्य पनि साम्राज्यवाद र सामन्तवादको तख्ता पल्टाइदिनु थियो, तर यो पनि विफल भयो, र चीन अझै साम्राज्यवाद र सामन्तवादकै अधीनमा रहिरह्यो। उत्तरी अभियान भन्ने क्रान्तिको पनि यस्तै हालत भयो, यसले सफलताहरू हासिल त गऱ्यो, तर यो पनि विफल भयो। क्वोमिन्ताङ कम्युनिष्ट पार्टीको विरूद्ध उभिएको बेलादेखि चीन फेरि साम्राज्यवाद र सामन्तवादको प्रभुत्वमा पऱ्यो। लाल सेनाले चलाएको दश वर्षको युद्ध यसैको अनिवार्य परिणाम थियो। तर यस देश वर्षको संघर्षले सिंगै देशको क्रान्तिकारी अभिभारा पूरा नगरेर चीनको एक भागको क्रान्तिकारी अभिभारा मात्र पूरा गऱ्यो। बितेका दशकहरूको क्रान्तिको निचोड निकाल्ने हो भने हामी के भन्न सकौंला भने क्रान्तिले स्थायी र राष्ट्रव्यापी विजय प्राप्त नगरेर अस्थायी र आंशिक विजयहरू मात्रै प्राप्त गरेको छ। डा. सुन यात-सेनले भन्नुभएझैँ, "क्रान्ति अझै पूरा भएको छैन, मेरा सबै कामरेडहरूले संघर्ष जारी राख्नै पर्छ।" अब के सवाल उठ्छ भने, कैयन दशक संघर्ष गर्दा पनि चिनियाँ क्रान्तिले किन अझै आफ्नो लक्ष्य प्राप्त नगरेको हो ? यसका कारणहरू के के हुन् ? मेरो विचारमा यसका दुइटा कारण छन् : पहिलो कारण हो, शत्रुको शक्ति अचाक्ली बलियो हुनु, र दोस्रो कारण हो, हाम्रा शक्तिहरू अचाक्ली कमजोर हुनु। एक पक्ष बलियो, र अर्को पक्ष कमजोर हुनाले क्रान्ति सफल भएन। शत्रुका शक्तिहरू अचाक्ली बलिया छन् भन्नाको हाम्रो तात्पर्य के हो भने साम्राज्यवादका शक्तिहरू (मुख्य पहलु) र सामन्तवादका शक्तिहरू अचाक्ली कमजोर छन् भन्नाले हाम्रा तात्पर्य के हो भने, हामी सैनिक, राजनैतिक, आर्थिक र साँस्कृतिक क्षेत्रहरूमा कमजोर छौँ, तर हामीमा कमजोरी हुनु र त्यसले गर्दा हामीले साम्राज्यवाद विरोधी र सामन्तवाद विरोधी अभिभारा पूरा गर्न नसक्नुको मुख्य कारण देशको सिङ्गो जनसंख्याको ९० प्रतिशत भएका मजदुर, किसान र श्रमिक जनसमूहलाई अझै सञ्चालित नगर्नु हो। बितेका दशकहरूको क्रान्तिका अनुभवको निचोड निकाल्ने हो भने हामी के भन्न सकौंला भने देशभरिका जनतालाई पूर्णरूपले सञ्चालित गरिएकै छैन र प्रतिक्रियावादीहरूले सधैं यस्तो सञ्चालन -कार्यको विरोध गरेका छन् र यसको घाँटी निमोठेका छन्। जनसंख्याको ९० प्रतिशत भएका मजदुरहरू र किसानहरूलाई सञ्चालित र संगठित गरेपछि मात्रै साम्राज्यवाद र सामन्तवादको तख्ता पल्टाइदिन सम्भव हुनेछ। डा. सुन यात-सेनले आफ्नो इच्छापत्रमा भन्नुभएको छ :

"चीनको निम्ति स्वतन्त्रता र समानता प्राप्त गर्ने उद्देश्यले मैले आफूलाई राष्ट्रिय क्रान्तिको ध्येयप्रति चालिस वर्षदेखि समर्पित गरेको छु। यी चालीस वर्षका मेरा अनुभवले मलाई के कुरामा दरिलो गरी विश्वस्त गराएका छन् भने यो उद्देश्य पूरा गर्नको निम्ति हामीले जनसमूहहरूलाई ब्यूँझाउने पर्छ र हामीसँग समानताको व्यवहार गर्ने राष्ट्रहरूसँग साझा संघर्षमा एकताबद्ध हुनैपर्छ।"

डा. सुन बिलुभएको दश वर्षभन्दा बढी भइसक्यो। उहाँले उल्लेख गर्नुभएका चालिस वर्षमा यी दश वर्ष जोड्ने हो भने जम्मा पचास वर्षभन्दा बढी हुन्छ। यी वर्षहरूमा क्रान्तिको अनुभवको पाठ के हो त ? आधारभूतरूपले, त्यो पाठ हो, "जनसमूहहरूलाई ब्यूँझाउ।" तपाईंहरूले यस पाठको राम्रो अध्ययन गर्नैपर्छ, र चीनका सबै युवाहरूले पनि यसो गर्नैपर्छ। जनसंख्याको ९० प्रतिशत भएका मजदुर -किसान जनसमूहहरूलाई सञ्चालित गरेर मात्रै हामी साम्राज्यवाद र सामन्तवादलाई पराजित गर्नसक्छौ भन्ने कुरा उनीहरूले थाहा पाउनैपर्छ। हामीले देशभरिका मजदुर र किसानहरूलाई सञ्चालित नगरून्जेलसम्म जापानलाई पराजित गर्न र नौलो चीनको निर्माण गर्न असम्भव हुनेछ।

चौथो कुरा, अब फेरि युवा आन्दोलनको कुरा गरौँ। बीस वर्षअघि ठीक आजकै दिनमा चीनमा विद्यार्थीहरूले भाग लिएको मई ४ आन्दोलन भन्ने महान् ऐतिहासिक घटना घटेकमो थियो, यो ज्यादै महत्वपूर्ण आन्दोलन थियो। मई ४ आन्दोलनदेखि चीनका युवाहरूले के कस्तो भूमिका खेल्दै आएका छन् ? तिनले एक प्रकारको अग्रिम भूमिका खेलेका छन्- यो कट्टरपन्थीहरूबाहेक सबैले मानेको तथ्य हो। अग्रिम भूमिकाको अर्थ के हो ? यसको अर्थ हो अघिलाम्नु र क्रान्तिका पंक्तिहरूमा अग्रेजि मोर्चामा उभिएर अघिलम्बनु। चिनियाँ जनताका साम्राज्यवाद विरोधी र सामन्तवाद विरोधी पंक्तिहरूमा देशका युवा बुद्धिजीवीहरू र विद्यार्थीहरूको माझबाट बनेको एउटा डफ्फा पनि छ। यो डफ्फा ज्यादै ठूलो छ, र आफ्नो ज्यान बलिदान गर्ने थुप्रै युवाहरूको गन्ती नगर्दा पनि यस डफ्फामा हाल दशौँलाख मानिसहरू पर्दछन्। यो साम्राज्यवाद र सामन्तवाद विरोधी एउटा मोर्चाको सेना हो, र यो सेना ज्यादै महत्वपूर्ण पनि छ। तर यो सेना मात्र पर्याप्त हुँदैन, यसमाथि मात्र भर परेर शत्रुलाई पराजित गर्न सकिँदैन, किनभने यो मुख्य शक्ति होइन। उसोभए मुख्य शक्ति कुन हो त ? मजदुरहरू र किसानहरू मुख्य शक्ति हुन्। हाम्रा तन्नेरी बुद्धिजीवी र विद्यार्थीहरूले जनसंख्याको ९० प्रतिशत भएका मजदुरहरू र किसानहरूको माझमा जानैपर्छ, र तिनलाई सञ्चालित र संगठित गर्नैपर्छ। मजदुरहरू र किसानहरूको यो मुख्य शक्तिबेगर हामी साम्राज्यवाद र सामन्तवाद विरोधी संघर्षमा विजय प्राप्त गर्न सक्दैनौं, तन्नेरी बुद्धिजीवीहरू र विद्यार्थीहरूको डफ्फामाथि मात्र भर परेर हामी यस संघर्षमा विजय प्राप्त गर्न सक्दैनौं। त्यसैले, देशभरिका तन्नेरी बुद्धिजीवीहरू र विद्यार्थीहरूले मजदुरहरू र किसानहरूमा व्यापक जन-समूहहरूसँग एकताबद्ध भएर एक ज्यान हुनुपर्दछ र त्यसपछि मात्र एउटा बलियो शक्ति, दशौं करोड मानिसहरूको एउटा शक्तिको सिर्जना गर्न सकिनेछ। यस विशाल शक्तिको सहाराले मात्रै शत्रुका दरिला किल्लाहरूमाथि कब्जा जमाउन सकिनेछ र उसका आखिरी किल्लाहरूलाई तहसनहस पार्न सकिनेछ। विगत कालमो युवा आन्दोलनवारे यस दृष्टिले मूल्याङ्कन गर्दा हामीले एउटा गलत प्रवृत्ति औँल्याउनु जरूरी छ। बितेका केही दशकको युवा आन्दोलनमा तन्नेरीहरूको एक भाग मजदुरहरू र किसानहरूसँग एकताबद्ध हुन अनिच्छुक रहेको छ र यसले उनीहरूका आन्दोलनहरूको विरोध गरेको छ, यो युवा आन्दोलनमा रहेको एउटा विरोधी -धारा हो। जनसख्याको ९० प्रतिशत भएका जन-समूहसँग एकताबद्ध हुन इन्कार गर्नु र अझ सोझै तिनको विरोध समेत गर्नु वास्तवमा यी मानिसहरूको मुख्याईँ नै थियो। के यो राम्रो प्रवृत्ति हो र ? मलाई लाग्छ, यो राम्रो प्रवृत्ति होइन, किनभने मजदुरहरू र किसानहरूको विरोध गर्दा वास्तवमा उनीहरू क्रान्तिकै विरोध गरिरहेका हुन्छन्, त्यसैले हामी यसलाई युवा आन्दोलनको विरोधी धारा भन्दछौं। यस खालको युवा आन्दोलनबाट सुपरिणाम हात लाग्ने छैन। केही दिनअघि लेखेको एउटा छोटो लेखमा मैले भनेको थिएँ :

अन्तिम विश्लेषणमआ, बुद्धिजीवीहरू मजदुरहरू र किसानहरूसँग घनिष्ठ रूपले गाँसिन तयार छन् कि छैनन् र उनीहरू साँच्चि नै यसो गर्छन् कि गर्दैनन् भन्ने कुरा क्रान्तिकारी बुद्धिजीवीहरू र अक्रान्तिकारी वा प्रति-क्रान्तिकारी बुद्धिजीवीहरूको माझको विभाजन रेखा हो।

यहाँ म एउटा कसी अघिसार्छु, जसलाई मैले एक मात्र सही कसी ठानेको छु। कुनै युवक क्रान्तिकारी हो कि होइन भनेर हामीले कसरी जाँच्ने ? यो कुरा हामीले कसरी भन्ने ? यसको एक मात्र कसी हुनसक्छ, त्यो हो, ऊ मजदुरहरू र किसानहरूको व्यापक समूहसँग घनिष्ठ रूपले गाँसिन तयार छ कि छैन र व्यवहारमा त्यसो गर्छ ि कर्दैन। ऊ त्यसो गर्न तयार छ र साँच्चि नै त्यसो गर्छ भने ऊ क्रान्तिकारी हो, होइन भने ऊ अक्रान्तिकारी वा प्रतिक्रान्तिकारी हो। आज ऊ मजदुरहरू र किसानहरूका जन-समूहसँग घनिष्ठ रूपले गाँसिन्छ भने आउ ऊ क्रान्तिकारी हुन्छ, भोलि ऊ यसो गर्नु छाड्छ वा यसको उल्टो बाटो समातेर उसले साधारण जनतालाई दबाउँछ भने ऊ अक्रान्तिकारी वा प्रतिक्रान्तिकारी बन्दछ। केही तन्नेरीहरू तीन जनसिद्धान्तहरू वा मार्क्सवादप्रति आफ्नो विश्वास छ भन्ने कुरा खूब बढाइचढाइकन सुनाउने गर्छन्। तर यस्तो गफले कुनै कुरा पनि सिद्ध गर्दैन। हिटलर "समाजवाद" प्रति आफ्नो विश्वास छ भन्ने कुरा गर्दैन र ? बीस वर्षअघि मुसोलिनी पनि "समाजवादी" थियो ! अनि उनीहरूको "समाजवाद" को अर्थ के हो त ? यसको अर्थ हो- फासिस्टवाद। एकताका छन् तूश्यु मार्क्सवादमा "विश्वास" गर्दैनथ्यो र ? पछि उसले के गऱ्यो ? ऊ प्रतिक्रान्तिकारी लाग्यो। चाङ क्वो थाओ मार्क्सवादमा "विश्वास" गर्दैनथ्यो र ? अचेल ऊ कहाँ छ त ? ऊ भागेर रह्यानमा जाकिएको छ। केही मानिसहरू आफूलाई "तीन जन-सिद्धान्तहरूका अनुयायी" वा अझ यी सिद्धान्तहरूमा पुराना कट्टर समर्थक ठान्दछन् , तर तिनले के गरेको छन् त ? वास्तवमा तिनको राष्ट्रवादको सिद्धान्तको साँचो अर्थ हो साम्राज्यवादीहरूसँग साँठगाँठ गर्नु, तिनको जनवादको सिद्धान्तको साँचो अर्थ हो साधारण जनतामाथि थिचोमिचो गर्नु र तिनको जन-जीविकाको सिद्धान्तको साँचो अर्थ हो जनताको रगत चुस्नु। तिनले मुखले तीन जनसिद्धान्तका कुरा गर्छन् तर दिलले भने तिनलाई इन्कार गर्छन्। त्यसैले कुनै मानिस तीन जन-सिद्धान्तहरूको सच्चा अनुयायी हो कि झुठ्ठा अनुयायी हो, ऊ सच्चा मार्क्सवादी हो कि झुठ्ठा मार्क्सवादी हो भनेर लेखाजोखा गर्नु र ठहऱ्याउनु पर्दा मजदुरहरू र किसानहरूको व्यापक जनसमूहसँग उसको कस्तो सम्बन्ध छ भन्ने कुरा मात्र पत्ता लगाउनुपर्छ, अनि ऊ कस्तो खालको मान्छे हो भन्ने कुरा थाहा भइहाल्छ। यो नै एकमात्र कसी हो, अर्को कसी छँदैछैन। म के आशा गर्छु भने हाम्रो देशका युवाहरू यस अपराधपूर्ण विरोधी-धारातिर बहकिनै छैनन् तर त्यसको सट्टा मजदुरहरू र किसानहरूलाई आफ्ना साथी सत्र ठान्दै उज्यालो भविष्यतिर लम्कनेछन्।


पाँचौं कुरा, जापान विरोधी वर्तमान प्रतिरोध युद्ध चिनियाँ क्रान्तिका एउटा नौलो चरण- एउटा अति महान्, अति गतिशील र अति संजीव चरणको संकेत हो। यस चरणमा युवाहरूका काँधमा ज्यादै ठूलो जिम्मेवारी आइलागेको छ। बितेका दशकहरूमा हाम्रो क्रान्तिकारी आन्दोलनको संघर्षका अनेकौं चरणहरू पार गरेको छ, तर तीमध्ये कुनै चरण पनि वर्तमान प्रतिरोध युद्ध जतिको व्यापक थिएन। हालको चिनियाँ क्रान्तिमा यसलाई विगत कालको क्रान्तिभन्दा बेग्लै बनाउने विशेषताहरू रहेका छन् र अब यो क्रान्ति पराजयबाट विजयतर्फ मोडिनेछ, भन्नाको अर्थ के हो भने चिनियाँ जन-समूहले प्रगति गरेका छन्, र युवाहरूले गरेको प्रगति त्यसमध्येको एउटा प्रस्ट प्रमाण हो। त्यसैले जापान विरोधी युद्धले विजय प्राप्त गर्नैपर्छ र अवश्य प्राप्त गर्नेछ। सबैलाई के कुरा थाहा छ भने यस युद्धको आधारभूत नीति जापानविरोधी राष्ट्रिय संयुक्त मोर्चा हो जसको उद्देश्य हो जापानी साम्राज्यवाद र उसका चिनियाँ पिठ्यूँहरूको तख्ता पल्टाइदिनु पुरानो चीनलाई नौलो चीनमा फेर्नु र सिङ्गो राष्ट्रलाई अर्ध-औपनिवेशिक र अर्थ-सामन्ती अवस्थाबाट मुक्त गर्नु। चीनको युवा आन्दोलनमा हाल एकताको कमी हुनु एउटा गम्भीर कमजोरी हो। तपाईंहरूले एकताको निम्ति अटुट प्रयास गर्नुपर्छ, किनभने एकता नै बल हो। तपाईंहरूले सिङ्गै देशका युवाहरूलाई वर्तमान स्थितिलाई बुझ्न, एकता हासिल गर्न र आखिरीसम्म जापानको प्रतिरोध गर्नको निम्ति मद्दत गर्नुपर्छ।

छैठौं र अन्तिम कुरा, म येनानको युवा आन्दोलनबारे बोल्न चाहन्छु। यो आन्दोलन देशभरिको युवा आन्दोलनको निम्ति एउटा नमूना हो। यसले जुन दिशा समातेको छ त्यो वास्तवमा सिङ्गै देशको युवा आन्दोलनको दिशा हो, किन ? किन भने यो सही दिशा हो। हेर्नोस्न, एकताको सवालबारेमा येनानका युवाहरूले राम्रो काम गरेका मात्र होइनन्, साँच्चि नै राम्रो काम गरेका छन्। येनानका युवाहरूले ऐक्यवद्धता र एकता हासिल गरेका छन्। येनानका तन्नेरी बुद्धिजीवीहरू र विद्यार्थीहरू, तन्नेरी मजदुरहरू र किसानहरू सबै नै एकताबद्ध भएका छन्, देशभरिबाट र विदेशबाट समेत पनि थुप्रै क्रान्तिकारी युवाहरू येनानमा अध्ययन गर्न आएका छन्। यस सभामा सामेल हुनुभएका तपाईंहरूमध्ये धेरैजसो हजारौं मील टाढाबाट आउनु भएको छ तपाईंहरूको थर चाङ होस वा ली होस्, तपाईंहरू पुरूष हुन् वा नारी, तपाईंहरू सबैको भावना एउटै छ। के यस कुरालाई सिङ्गै देशको निम्ति एउटा नमूना मान्न नपर्ला र ? येनानका युवाहरू आफ्नै माझमा एकताबद्ध हुनु बाहेक मजदुरहरू र किसानहरूका जनसमूहसँग पनि घनिष्ठ रूपले गाँसिएका छन्, र अरू कुराहरूले भन्दा पनि यस कुराले तपाईंहरूलाई सिङ्गै देशको निम्ति नमूनालायक बनाउँछ। तपाईंहरू येनानमा के गर्दै आउनुभएको छ ? तपाईंहरू क्रान्तिको सिद्धान्त सिक्दै र जापानको प्रतिरोध गर्ने तथा राष्ट्रलाई जोगाउने सिद्धान्तहरू र पद्धतिहरू अध्ययन गर्दै आउनुभएको छ। तपाईंहरू उत्पादन अभियान चलाउँदै आउनु भएको छ। तपाईंहरूले हजारौं मूबाँझो जमीन आवाद गर्नुभएको छ। कन्फुसियसले कहिल्यै पनि जमीन आवाद गरेनन् वा जोतेनन्। उनले आफ्नो स्कूल चलाउँदा उनका निकै जना विद्यार्थीहरू थिए, "सत्तरी जना विद्वानहरू र तीन हजार शिष्यहरू" कस्तो विधि फस्टाएको स्कूल हकि ! तर उनका विद्यार्थीहरू येनानका विद्यार्थीहरूभन्दा कता हो कता धेरै थिए, र मुख्य कुरा त उनीहरू उत्पादन अभियानलाई घृणा गर्थे। एउटा विद्यार्थीले खेत कसरी जोत्ने हो भनेर सोद्धा कन्फुसियसले जवाफ दिए,"मलाई थाहा छैन, म यस विषयमा किसान जति सिपालु छैन।" प्राचिन कालमा ऋषिको रेखदेखमा अध्ययन गर्ने चिनियाँ युवाहरूले न त क्रान्तिकारी सिद्धान्तको शिक्षा प्राप्त गर्दथे, न त श्रममा भाग लिन्थे। अचेल देशका विशाल क्षेत्रहरूका स्कुलहरूमा क्रान्तिकारी सिद्धान्तको शिक्षा ज्यादै थोरै दिइन्छ र उत्पादन आन्दोलनजस्ता कुराहरू त्यहाँ उठ्दै उठ्दैनन्। यहाँ येनानका र शत्रुका पंक्तिहरूका पछिल्लो भाग जापान विरोधी आधार-इलाकाहरूका तन्नेरीहरू आधारभूत रूपले बेग्लै छन्, उनीहरू जापानको प्रतिरोध गर्ने र राष्ट्रलाई जोगाउने काममा साँच्चिकै अग्रदल हुन् किनभने उनीहरूको राजनैतिक दिशा र कार्यपद्धति सही छ। त्यसैले येनानको युवा आन्दोलन देशभरिकै युवा आन्दोलनको एउटा नमूना हो भनेर मैले भनेको हुँ।

*बाँकी ६ पेजमा*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# इच्छुक सांस्कृतिक प्रतिष्ठानको १० औं प्राज्ञसभा सम्पन्न





❑ रवि पाण्डेय

काठमाडौं । इच्छुक सांस्कृतिक प्रतिष्ठानको दशौं प्राज्ञसभा घट्टेकुलोस्थित प्रतिष्ठानको सभाहलमा शुक्रबार सम्पन्न भएको छ ।

सभा उद्घाटन सत्रमा सम्बोधन गर्दै बरिष्ठ मार्क्सवादी सौन्दर्य चिन्तक एंव प्रतिष्ठानका संरक्षक चैतन्यले राजनैतिक पार्टीहरूमा बैचारिक बिचलन आउनुमा प्रमुख कारण साँस्कृतिक रूपान्तरणको खडेरी रहेको बताउनु भएको छ । उहाँले वर्तमान समयमा मार्क्सवादी प्राज्ञहरूले आफ्ना भुमिकालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिदै जनयुद्ध र परिर्वतनका गाथाहरूको अध्ययन अनुसन्धान गर्न सुझाव दिनुभयो । सांस्कृतिक रूपान्तरणकारी नेतृत्व प्राज्ञहरूले गर्नुपर्ने चैतन्यको भनाई थियो ।

सभाको बन्द सत्रमा प्रतिष्ठानका सदस्य सचिव मित्रलाल पंगेनीले नीति तथा कार्यक्रम योजना र आयब्यय प्रस्तुत गर्नुभएको थियो । प्राज्ञ पंगेनीको प्रस्तुति माथि प्राज्ञ सदस्यहरूले आफ्ना धारणा राखेपछि प्रस्तावलाई परिमार्जन सहित पारित गरिएको थियो ।

सभाले आर्थिक बर्ष २०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम एंव योजना निर्माण गरेको प्रतिष्ठानका अध्यक्ष हिरामणी दुःखीले जानकारी दिनुभयो । प्रतिष्ठानका अध्यक्ष हिरामणी दुःखीको अध्यक्षता मार्क्सवादी सौन्दर्य चिन्तक एंव प्रतिष्ठानका संरक्षक चैतन्यको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

# अखिल (क्रान्तिकारी) संगठन विस्तारमा, आन्दोलनमा नयाँ पुस्ता जोडिदैं



❑ लक्ष्मी घिमिरे

बुटवल - नेकपा (क्रान्तिकारी माओवादी ) निकट अखिल (क्रान्तिकारी ) ले संगठन निर्माणको अभियानलाई तीव्र गतिका साथ अगाडि बढाएको छ । प्रदेशका बिभिन्न जिल्लाका शैक्षिक केन्द्रहरूमा अभियान संचालन गरिएपछि बिद्यार्थीहरू संगठित हुने क्रम बढदै गएको छ । रूपन्देही कपिलबस्तु बाँके र दाङमा संगठनका गतिबिधि तीब्र भएपछि आन्दोलनमा नयाँ पुस्ता जोडिने क्रम बढदै गएको छ । संगठन विस्तार संगै पार्टीले आयोजना गरेको एमसीसी बिरुद्धका आन्दोलनमा युवा बिद्यार्थीको सहभागिता निकै बढ्दै गएको देखिन्छ ।

यसैगरी शुक्रबार कपिलवस्तु जिल्लाको वाणगंगास्थित गौतमबुद्ध माध्यामिक विद्यालय गोरुसिङ्गेमा रिक्तिक विकको अध्यक्षतामा २१ सदस्यीय कमिटी निर्माण भएको छ । कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको एक भेलाद्वारा कक्षा इकाई कमिटी निर्माण गरिएको कुरा अखिल (क्रान्तिकारी ) प्रदेश सदस्यमनोज थापाले जानकारी दिनुभयो । बिद्यार्थी संगठनलाई युवा उत्पादनको कारखानाका रूपमा लिइन्छ । यसले राजनीतिमा नयाँ पुस्ता जोडदै जाने श्रृखला निर्माण गर्दछ ।

# किराँती र लिम्बु मोर्चाको नेतृत्वमा मुख्यमन्त्री राई समक्ष ज्ञापनपत्र !



धरान । अखिल नेपाल लिम्बु राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समिति र अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समितिको संयुक्त आयोजना ७ बुदें ज्ञापनपत्र बुझाइएको छ । प्रदेश गठन भएको ४ बर्ष बितिसक्दा पनि नामाकरण नभएको भन्दै प्रदेश नम्बर १ का मुख्यमन्त्री राजेन्द्र राईलाई ज्ञापन पत्र बुझाइएको हो ।

पहिचानमा आधारित किराँतःखम्बुवान-लिम्बुवान नामाकरण हुनुपर्ने माग सहित , राष्ट्रघाती एमसीसी खारेज, सप्तकोशी उच्च बाँध राष्ट्रिय हित अनुकुल नभएकोले परियोजना खारेजी , महंगी भष्ट्रचारी कालोबजारी नियन्त्रणलगायतका माग रहेको अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समिति अध्यक्ष गौरव राईले जानकारी दिनुभयो ।

ज्ञापनपत्रमा बैदेशिक लगानीका संचारमाध्यम बन्द गर्नुपर्ने , बिदेशीलाई जग्गा दिने निर्णय खारेज हुनुपर्ने , लिम्पियाधुरा लिपुलेक र कालापानीमा छुटेको जनगणना पुनः सचालन गरियोस भन्ने समेटिएको छ ।

कार्यक्रममा मुख्यमन्त्री राईले प्रदेश सरकार संघीयता र पहिचानको पक्षमा दृढतापूर्वक उभिने धारणा राख्नुभएको थियो । संसदको दुई तिहाइले पारित गर्नुपर्ने बिषयमा भएकोले प्रदेश सरकारको भुमिका गौण हुने उहाँले बताउनुभएको थियो ।

ज्ञापन पत्र बुझाउने कार्यक्रममा अखिल नेपाल किराती राष्ट्रिय मुक्ति मोर्चाका उपाध्यक्षद्वय जशोदा राई, टंक मणि राई महासचिव प्रेम राई, मणिकुमार राई,सन्तोष राई, सनद राई सहसंयोजक पारश लिम्बु, नरेन्द्र लिम्बु, मनकुमार नँयुङ , अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ केन्द्रीय सदस्य सुरेन्द्र राईलगायतका सहभागी हुनुहुन्थो ।

ज्ञापनपत्र पेश गरेपछिको कोणसभामा अखिल नेपाल आदिवासी जनजाति महासंघका महासचिव नगेन्द्र राई , अखिल नेपाल क्रीन्तिकारी ट्रेड युनियन महासंघ केन्द्रीय सदस्य सुरेन्द्र राईले सम्बोधन गर्नुभएको थियो ।

***सचेत नागरिक समूहद्वारा मुख्यमन्त्री राईलाई ज्ञापन पत्र***

मुलुकको भयावह अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सर्वपक्षीय स्वतन्त्र, बुद्धिजीवी तथा अभियन्ता, सचेत नागरिक समूहले विहिबार १ नं. प्रदेशका मुख्यमन्त्री राजेन्द्र राई समक्ष ५ वुद्धे ज्ञापन पत्र बुझाएका हुन् । सो समूले प्रदेश नं.१ मुलतः किरातहरूको आदिमभूमि इतिहासले समेत प्रमाणित गरेको हुनाले प्रदेशको नाम किरात खम्बुवान लिम्बुवान राख्न माग गरिएको छ ।त्यस्तै ज्ञापन पत्रमा लेखिएको छ, 'वर्तमानमा अवलम्बन गरिएको निर्वाचन प्रणाली हटाई जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीद्वारा जनप्रतिनिधि तथा प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा राज्यको कार्यकारी प्रमुखको निर्चाचन गर्ने संवैधानिक व्यवस्था गरियोस्, पूर्णतः जनविरोधी एवं राष्ट्रहितविरोधी 'सप्तकोशी उच्चबाँध परियोजना' खारेज गरियोस् ।

परियोजना अन्तर्गतका ठेकेदार, कर्मचारी नियुक्ति, लेखापरिक्षण, अनुगमन जस्ता कुनै पनि विषयमा नेपालले चासो समेत राख्न नपाउने बरू परियोजना सम्पन्न गर्नका लागि छिमेकी भारतसँग सहमति लिनु पर्ने जस्ता प्रावधान उल्लेख हुनुले मुलुकको सार्वभौमसत्ता र राष्ट्रिय स्वाधीनतामा गम्भीर आघात पुग्ने भएकोले मिलेनियम च्यालेन्ज कर्पोरेशन(एमसीसी.)सँग भएको राष्ट्रघाती सन्धी पूर्णरूपमा खारेज हुनु पर्छ, राष्ट्रिय स्वाधीनता, सार्वभौंमसत्ता र उत्पीडित जनताको न्याय र समानताको सवाल पनि हुन् ।

त्यसैले सो प्रति सरकारको पुनः गम्भीर ध्यान आकर्षण गराउँदै कार्यक्रम/कार्ययोजना निर्माण गरी शिघ्र कार्यान्वयन गरियोस् भनी उल्लेख गरिएको छ । नेपालको इतिहासमा काठमाण्डौं खाल्डोमा किरातहरूको ३२ पुस्ताले शासन गरेको तथ्य इतिहासलाई नष्ट नगर्न समेत ज्ञापन पत्रमा उल्लेख गरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको पक्षमा भएका सबै खाले आन्दोलन, संघर्ष, वलिदान, विद्रोहको मूल अभिष्ट विगतका राजनीतिक व्यवस्थाहरूले बहिष्करणमा पारेका पक्षहरूलाई राज्यको मूल प्रवाहमा न्यायोचित प्रतिनिधित्व गराउनु पनि माग गरिएको छ ।

## अखिल नेपाल...

गरेको छ ।

शनिबार सम्पन्न भेलाले अध्यक्षमा प्रा.डा. जगदीशचन्द्र भण्डारी, उपाध्यक्षमा आदर्श राई र मित्रलाल पंज्ञानी, महासचिवमा हिरामणि दुःखी, सचिवमा मोदनाथ मरहठ्ठा र गौरी देवकोटालाई चयन गरेको छ ।

भेलाले सदस्यहरूमा डा. ताराकान्त पाण्डेय(काठमाडौं), इस्माली (काठमाडौं) , प्रा.डा. नन्दिश अधिकारी(काठमाडौं), धनेश्वर पोखरेल (प्युठान), परशुराम कोइराला (स्याङ्जा), ईश्वरी ओझा (चितवन), रविकिरण निर्जिव(चितवन), पूर्णबहादुर अधिकारी (चितवन), अनिल श्रेष्ठ (तनहुँ), श्रीकृष्ण सुलु (भक्तपुर), सुकुम शर्मा (काठमाडौं) लाई चयन गरेको छ ।

त्यसैगरी असल पाख्रिन(काभ्रे), छायादत्त न्यौपाने (पर्वत), शुशिला थापा (गोरखा), खगेश्वर भण्डारी (दाङ), यज्ञ बहादुर डाँगी (दाङ), चित्रबहादुर थारु (कैलाली), जितबहादुर लामा (काभ्रे), काजी गाउँले (कास्की), गोपाल वैद्य (दाङ), श्रीधर अधिकारी (दाङ), उमाकान्त आचार्य (मकवानपुर), सौगात सायर (रूपन्देही), शिला योगी (काठमाडौं), अर्जुन ढकाल (तनहुँ), प्रकाश घिमिरे (दाङ), पुण्य आचार्य (काठमाडौं), विजयराज आचार्य (प्युठान), पेमा लामा (सुनसरी), इश्वरी गुरागाई (ताप्लेजुङ), विवि राई (इलाम), अनिश योञ्जन (सिपा), अमिट योञ्जन (सिपा), विक्रम थापा (बाग्लुङ)लाई चयन गरेको छ ।

त्यसैगरी देवेन्द्र लम्साल (स्याङ्जा), शित्तल कर्ण (धनुषा), विशाल योञ्जन (काभ्रे), मिनप्रसाद मरहठ्ठा (गोरखा), नारायण शर्मा विपिन (चितवन), विजय पोखरेल (रामेछाप), इन्दिरा अधिकारी (ललितपुर), सुनिता बुढाथोकी (सिन्धुली), जय दाहाल (काठमाडौं), सफल सोडारी (ओखलढुंगा), डबल काफ्ले (झापा), नरसिंह धिमाल (मोरङ), असल वाइवा (सिपा), मिसमराज अधिकारी (चितवन), सुर्य भट्टराई (नवलपुर), देछन लामा (मुगु), पेवा वाङ्वो लामा (मुगु) लगायतलाई चयन गरेको छ ।

प्रा.डा.जगदिश चन्द्र भण्डारीको अध्यक्षता, हिरामणि दुःखीको सञ्चालन र मित्रलाल पंज्ञानीको स्वागतमा सम्पन्न भेलालाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै पार्टी महासचिव किरणले क्रान्तिमा हतिरधारी र संस्कृतिधारी सेना दुवै आवश्यक हुने कुरा बताउनु भयो । उहाँले महान सहिदहरूको सपना र उद्देश्यमाथि गम्भिर घात र गद्दारी भएको चर्चा गर्दै घात र गद्दारीका विरुद्ध आम साँस्कृतिकर्मीहरूलाई जागृत गर्न आवश्यक भएको बताउनु भयो । कतिपय पारिभाषिक पदावलीले गर्दा जनतामा क्रान्तिकारी र अवसरवादीहरूको भेद नछुट्टिने समस्या रहेको चर्चा गर्दै महासचिव किरणले जनताले बुझ्ने भाषामा त्यस्ता विषयहरूलाई स्पष्ट पार्नुपर्ने पनि बताउनु भयो ।

त्यसैगरी भेलामा शुभकामना मन्तव्य राख्दै राष्ट्रिय क्रान्तिकारी बुद्धिजीबी मञ्च, नेपालका अध्यक्ष हुकुमबहादुर सिंहले अहिले संशोधनवादी हावा निकै जोडतोडले बगिरहेको र त्यसका विरुद्धमा भण्डाफोर गर्न र उनीहरूले जनतामा छरेको भ्रम साफ गर्न साँस्कृतिककर्मीहरूले वैचारिक रूपले तीखो कलम चलाउन जरुरी भएको बताउनु भयो ।

भेलामा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका महासचिव बसन्त बोगटी, मार्क्सवादी सांस्कृतिक मोर्चाको तर्फबाट डा. ताराकान्त पाण्डेयले पनि शुभकामना मन्तव्य दिनुभएको थियो ।

भेलामा सौगात सायरले गीत र नारायण शर्मा विपिनले कविता प्रस्तुत गर्नुभएको थियो ।

## एमसीसी...

उत्तम भनेको उनीहरूले नै मानी आएको संविधानमा देशको सार्वभौमिकताको विषय अपरिवर्तनीय विषय हो र यसवारे संसदमा बहस सम्म पनि हुन सक्दैन भनिएको छ । एमसीसी सम्झौता देशको राष्ट्रिय स्वाधिनता र सार्वमिकतासँग जोडिएको विषय भएकाले यसवारे संसदमा बहसका लागि टेबुल गर्नै पाइदैन भनेर भन्नु भयो ।

उहाँले शेरबहादुर देउवा यसवारे छलकपट गर्दैछन् र संसदमा टेबुल गरेर ओलीको साथ लिएर पास गर्न चाहन्छन् । त्यसैले यो षडयन्त्रलाई चिर्न एमसीसी सम्झौतालाई संसदमा टुबुल गर्नै दिनु हुदैन भन्नु भयो ।

विरोधसभालाई साध्यबहादुर भण्डारी, गुणराज लोहनी लगायतका नेताहरूले सम्वोधन गर्नु भएको थियो । सभाको सञ्चालन नेकपा(क्रान्तिकारी माओवादी) का पोलिट व्युरो सदस्य दिनेश शर्माले गर्नु भएको थियो ।

## एमसीसीविरुद्ध...

राष्ट्रिय स्वाधीनताको आन्दोलनमा क्रान्तिकारी माओवादी (वैद्य माओवादी) आफैमा एउटा 'राष्ट्रिय स्वाधीनताको रातो झण्डा' बनेको छ ।

२६ राजनीतिक संगठन सम्मिलित एमसीसी खारेजी आन्दोलन

नेकपा (क्रान्तिकारी माओवादी) कै पहल र नेतृत्वमा पछिल्लो चरणमा २६ वटा राजनीतिक संगठनहरुबीचमा कार्यगत एकता बनेको छ । सच्चा देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारीहरु सम्मिलित यो कार्यगत एकतालाई 'एमसीसी खारेज आन्दोलन' नाम दिइएको छ । यसैको आयोजनामा मंसिर २४ गते विरोध प्रदर्शन भएको छ । माइतीघर मण्डलादेखि नारा जुलुससहित नयाँ बानेश्वरमा पुगेर विरोधसभामा परिणत भएको २६ राजनीतिक संगठनको विरोध प्रदर्शनलाई नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल लगायतका नेताहरुले सम्बोधन गर्नुभएको थियो ।

***अघिअघि क्रान्तिकारी माओवादी पछि पछि संयुक्त आन्दोलन***

२६ राजनीतिक संगठनले मंसिर २४ मा विरोध प्रदर्शन गर्नुपूर्व मंसिर २३ गते क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाको संयुक्त आयोजनामा विरोध प्रदर्शन भएको थियो । माइतीघर मण्डलामा भएको यो विरोध प्रदर्शनमा जबस मोर्चाका नेताहरुले एमसीसी सम्झौता खारेज नगरिए देशव्यापी रुपमा आन्दोलनको चर्काउने चेतावनी दिएका थिए । त्यसको अघिल्लो दिन रुपन्देहीको भैरहवामा, दाङको तुलसीपुरमा पनि क्रान्तिकारी माओवादीले ठूला विरोधसभा सम्पन्न गऱ्यो । २२ मंसिरदेखि निरन्तर रुपमा एमसीसीका विरुद्ध संघर्षमा उत्रिएको क्रान्तिकारी माओवादीले कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, नवलपरासी, सुर्खेत, दैलेख, चितवन, कास्की, काभ्रे, सिरहा, रौतहट लगायतका जिल्लामा पनि एमसीसी सम्झौता खारेजीको माग गर्दै विरोध प्रदर्शन गरेको छ ।

***६ पार्टी र २ मोर्चाको संयुक्त संघर्षपूर्व क्रान्तिकारी माओवादीको विरोधसभा सम्पन्न***

नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), नेकपा (विप्लव), नेकपा (ऋषि कट्टेल), नेकपा (माले), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, र देशभक्त जनगणतान्त्रिक मोर्चा, राष्ट्रिय जनमोर्चाको संयुक्त आयोजनामा मंसिर २७ र २८ गते हुने संघर्षका कार्यक्रमअघि मंसिर २५ गते क्रान्तिकारी माओवादीले काठमाडौंको रत्नपार्क शान्तिबाटिकामा विरोधसभा सम्पन्न गरेको छ । विरोधसभालाई नेता सीपी गजुरेल, क्रान्तिकारी माओवादीका पीवीएम दिनेश शर्मा, पीवीएम सुरेश श्रेष्ठ लगायतका नेताहरुले संघर्षकै बीचबाट एमसीसी सदनबाट पास हुन नदिने चेतावनी दिनुभएको थियो ।

मंगलबार र बुधबार विहान बसेको आठ दलको बैठकले मङ्सिर २७ गते एमसीसीको काठमाडौँस्थित एमसीए कार्यालय घेराउ गर्ने, मङ्सिर २८ गते संसद भवन घेराउ गर्ने, मङ्सिर २४ गते २६ राजनीतिक दल/सङ्गठनहरूले घोषणा गरेको कार्यक्रमलाई समर्थन गर्दै सफल पार्ने र आगामी परिस्थितिलाई हेरी थप सङ्घर्षका कार्यक्रमहरू घोषणा गरिने निर्णय गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरण, नेकपाका महासचिव विप्लव, नेपाल कम्युनिस्ट पार्टी (मसाल) का महामन्त्री मोहन विक्रम सिंह, नेपाल कम्युनिस्ट पार्टी (माले) का महासचिव सीपी मैनाली, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालका संयोजक आहुती, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल र राष्ट्रिय जनमोर्चा, नेपालका अध्यक्ष चित्रबहादुर केसीको हस्ताक्षरमा बुधबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै सङ्घर्षको कार्यक्रमलाई सशक्त पार्न देशका कम्युनिस्ट क्रान्तिकारीहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त शक्तिहरू र आम नेपाली जनतालाई व्यापक सहभागिताको निम्ति हार्दिक अपिलसमेत गरिएको छ ।

***हस्तक्षेपकारी आन्दोलनको चेतावनी***

२८ मंसिरमा बोलाइएको संसदको अधिवेशनमा राष्ट्रघाती एमसीसी सम्झौता टेबल हुने षड्यन्त्र बढेपछि क्रान्तिकारी माओवादी लगायत देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरु आन्दोलित बनेका छन् । एमसीसी खारेजीका निम्ति संयुक्त संघर्ष घोषणा गरेका ८ दलले मंसिर २७ र २८ गत्ते हस्तक्षेपकारी आन्दोलनको तयारी गरेका छन् । एमसीसी पास भए देशको स्वाधीनता गुम्ने निष्कर्ष निकालेका उनीहरुले हरहालतमा एमसीसी संसदमा टेबल नै हुन नदिने परिस्थिति निर्माणमा जोड दिएका छन् ।

# किसान आन्दोलनको जीत र सञ्चारमाध्यमको हार

❑ **पी. साइनाथ**

भारतमा तीन कृषि कानुनलाई यसकारण फिर्ता लिइएको होइन कि प्रधानमन्त्रीले भनेझैँ 'केही किसानहरूलाई विश्वास दिलाउनमा विफल भए', बरु यसकारण फिर्ता लिइयो किनभने कैयौँ किसान ती कानुनको विरोधमा दृढताका साथ उभिइरहे । सरकारसमर्थक कायर सञ्चारमाध्यम भने किसानहरूको विरोधमा धारणा बनाउँदै उनीहरूको सङ्घर्ष र तागतलाई कम आँकिरहे ।

भारतीय किसानहरूले निकै ठूलो धैर्यका साथ लोकतान्त्रिक र शान्तिपूर्ण तवरले एक वर्षदेखि विरोध प्रदर्शन गरिरहे, जसलाई सारा विश्वले देखेको छ । तर, त्यसलाई व्यापारिक सञ्चारमाध्यमहरूले खुलारूपमा स्वीकार गर्न सकेका छैनन् । किसान आन्दोलनलाई कोरोना महामारीको चरममा पनि निकै व्यवस्थित ढङ्गले निरन्तरता दिइयो । त्यसैले पनि निकै ठूलो जीत मिलेको हो ।

यो यस्तो जीत हो, जसले विरासतलाई अगाडि बढाउँछ । आदिवासी र दलित समुदायसमेत सबै समुदायका पुरुष र महिला किसानहरूले यस देशको स्वतन्त्रता सङ्ग्राममा महत्वपूर्ण भूमिका निभाए र हाम्रो स्वतन्त्रताको ७५ औँ वर्षमा दिल्लीको सीमाहरूमा किसानहरूमा त्यस महान् सङ्घर्षको भावनालाई फेरि दोहोऱ्याए ।

प्रधानमन्द्री नरेन्द्र मोदीले घोषणा गरेका छन् कि सरकार कृषि कानुनबाट पछाडि हटिरहेको छ र २९ नोभेम्बरदेखि सुरु हुने संसद्को आगामी हिउँदे अधिवेशनमा त्यसलाई फिर्ता लिन गइरहेको छ । उनको भनाइ छ कि उनको सर्वोत्तम प्रयासहरूको बाबजुद पनि किसानहरूलाई मनाउन विफल भएपछि यस्तो गरेका हुन् । उनका शब्दहरूमा ध्यान देऔँ, मात्र एक वर्गलाई यो स्वीकार गराउन सकेनन् कि किसानहरूले अस्वीकार गरेका कृषि कानुन वास्तवमा उनीहरूका लागि राम्रो थियो । तर, यस ऐतिहासिक सङ्घर्षको क्रममा ६०० भन्दा बढी किसानहरूको ज्यान गएको सम्बन्धमा उनले एक शब्द उच्चारण गर्न आवश्यक ठानेनन् । उनले स्पष्ट पारिदिए कि कानुनहरूको उज्यालो पक्ष देख्नका लागि किसानहरूको त्यस वर्गलाई कुशलतापूर्वक सम्झाउन नसक्नु उनको विफलता हो । कुनै पनि विफलता कानुनसित जोडिएका छैनन् र उनको सरकारले कसरी ती कानुनहरूलाई ठीक महामारीको बीच किसानहरूमाथि थोपिदिए ।

ज-जसले मोदीको बोली र मोदी सरकारको आकर्षणद्वारा गरिएको बहकाइलाई अस्वीकार गरिदिए, किसानहरूलाई पहिले 'खालिस्तानी', 'देशद्रोही', 'किसानहरूको भेष धारण गरेका नक्कली किसान' आदि भनेर बदनाम गरियो । अहिले तिनै किसानलाई 'किसानहरूको एक वर्ग' को नामले बोलाउन थालिएको छ । प्रश्न यो छकि किसानहरूले किन ती कानुन अस्वीकार गरे ? सरकारको किसानहरूलाई मनाउने तरिका के थियो ? आफ्नो गुनासोलाई लिएर राजधानी आएका किसानहरूलाई दिल्लीमा प्रवेश नै नदिनु सम्झाउने तरिका थियो ? सडकमा ठूल्ठूलो खाडल खनेर र काँडेतारले घेरेर बाटो छेक्नु सम्झाउने अर्को तरिका थियो ? किसानहरूको शिविरलाई सानो जेलमा परिणत गरेर सरकारले सम्झाउन खोजेको थियो ? आफ्नो दरबारी सञ्चारमाध्यमको प्रयोग गरी हरेक दिन किसानहरूलाई बदनाम गर्नु सम्झाउने कोसिस थियो ? आफ्नो सरकारका एक मन्त्रीको गाडी मन्त्रीकै छोरालाई चलाउन दिएर उत्तर प्रदेशको लखिमपुर खिरीमा प्रदर्शनकारी किसानहरूमाथि चढाउनु किसानहरूलाई सम्झाउनु थियो ? के यही हो सरकारको किसानहरूलाई सम्झाउने तरिका ? यदि यही नै सरकारको सर्वोत्तम प्रयास र तपस्या थिए भने हामी त्यस्तो प्रयास र तपस्या अरू बढी देख्न चाहन्नौँ ।

प्रधानमन्त्री मोदीले २०२१ मा मात्र कम्तीमा सात विदेश यात्राहरू गरिसकेका छन् । तर, उनको निवासबाट केही किलोमिटरको दूरीमा दिल्लीका द्वारहरूमा बसिरहेका किसानहरूसित एक पटक भेट गर्नका लागि थोरै समय पनि मिलेन । जबकि किसानहरूको पीडा देशका हरेक ठाउँका मानिसले महसुस गरे । यदि प्रधानमन्त्रीले एक दुई पटक किसानहरूसित भेटेका भए उनले दाबी गरेजस्तै किसानहरूलाई सम्झाउने बुझाउने, उनीहरूमा विश्वास जगाउने र उनीहरूका शङ्काहरूको निवारण गर्ने दिशामा इमानदार प्रयास हुने थियो ।

भारतीय किसानहरूको वर्तमान आन्दोलनलाई पहिलो महिनादेखि नै सरकारसमर्थक सञ्चारमाध्यम र अन्य मानिसहरूले घेरा हालेका थिए र सोधेका थिए, किसानहरू कहिलेसम्म आन्दोलनमा बसिरहनसक्छन् ? निरन्तर एक वर्षभन्दा लामो अवधि आन्दोलन चालु राखेर किसानहरूले उनीहरूको प्रश्नको जवाफ दिएका छन् । तर, हामीलाई थाहा छ किसानहरूको यो सानदार जीत अहिलेलाई पहिलो पाइला मात्र हो । तीन कृषि कानुनहरू फिर्ता लिनुको अर्थ हो - अहिलेका लागि किसानहरूको गर्दनमाथि राखिएको व्यापारी जगतको खुट्टा हटाउनु । तर, न्यूनतम समर्थन मूल्य र सरकारी खरिददेखि लिएर आर्थिक नीतिहरू जस्ता निकै ठूला विषय एवम् किसानहरूका अन्य समस्याहरूको एक ठूलो भारीको समाधानको मागको सम्बोधन बाँकी नै छ ।

टेलिभिजनहरूमा एङ्करहरू हामीलाई बताउँछन् - कृषि कानुनका सम्बन्धमा मोदी सरकारले आफ्नो कदम पछाडि फर्काउनुमा जरुर त्यसको सम्बन्ध केही महिनापछि फेब्रुअरीमा हुन गइरहेको विधानसभा चुनावहरूसित छ । तर, त्यही सञ्चारमाध्यमहरू नोभेम्बरको पहिलो हप्ता भएको विधानसभाहरूको २९ स्थान, ३ वटा लोकसभाको क्षेत्रको उपचुनावको परिणामको महत्वबारे केही पनि बताउन असफल रहे । त्यसै समयको अगाडिपछाडि अखबारका सम्पादकीय पढ्नुहोस् र हेर्नुहोस् कि टेलिभिजन च्यानलहरूमा विश्लेषणका लागि के स्वीकृत गरिएका थिए ।

अखबारका सम्पादकीयहरूमा सामान्यतया उपचुनाव जितेका सत्तारूढ दलहरूको कुरा गरिएको छ, स्थानीय स्तरमा केही आक्रोशको कुरा गरिएको छ (त्यो आक्रोश मात्र भाजपाविरुद्ध थिएन ।) र अरू पनि केही व्यर्थ चर्चा छ । केही सम्पादकीयहरूमा जरूर ती चुनावका परिणामहरूलाई प्रभावित गर्ने कारणहरूको उल्लेख गरिएको थियो - ती कारण किसान आन्दोलन र कोभिड-१९ को लहरमा सरकारको कुप्रबन्ध थिए ।

प्रधानमन्त्री मोदीको नोभेम्बर १९ को घोषणाले देखाउँछ कि उनले कमसे कम र अन्तमा ती दुई कारणहरूको महत्वलाई राम्ररी बुझिसकेका छन् । उनले बुझेका छन् कि जुन जुन राज्यमा किसान आन्दोलन उग्र छन् त्यहाँ ठूलो हार मिलेको छ । तर, सरकारसमर्थक सञ्चारमाध्यमहरू आफ्ना दर्शक र पाठकहरूलाई रटाइरहेका छन् कि किसान आन्दोलन मात्र पञ्जाब र हरियाणामा थियो राजस्थान र हिमाचलजस्ता राज्य उनीहरूको विश्लेषणको भाग बन्न सकेन । हामीले अन्तिमपल्ट कहिले राजस्थानका दुई निर्वाचन क्षेत्रहरूमा भाजपा या सङ्घ परिवारका कुनै इकाई /सङ्गठनहरू तेस्रो र चौथो स्थानमा मात्र आएको देखेका थियौँ ? फेरि हिमाचल प्रदेशमा मिलेको ठूलो हारलाई नै लिऔँ ! त्यहाँ भाजपाले तीनवटै विधानसभा क्षेत्रमा र एक लोकसभा संसदीय क्षेत्रमा हाऱ्यो ?

हरियाणामा आन्दोलनकारी किसानहरूले त्यहाँका सीएम (मुख्यमन्त्री) देखि लिएर डीएम (डिस्ट्रिक्ट मजिस्ट्रेट) सम्म पूरै सरकारीतन्त्र भाजपाको प्रचारका लागि मात्र काम गरिरहेको आरोप लगाए । भारतीय राष्ट्रिय काङ्ग्रेसले भने मूर्खता देखाउँदै किसानहरूको आन्दोलनको पक्ष लिँदै भाजपाबाट राजीनामा गरेका अभय चौटालाको विरुद्ध उम्मेदवार उठाइदियो । केन्द्रीय मन्त्रीहरूले पूरै तागत लगाउँदा पनि त्यहाँ भाजपा हाऱ्यो । काङ्ग्रेसका उम्मेदवारको जमानत जफत भयो तर त्यसले चौटालाको जीतको मतान्तरलाई केही कम गर्न मात्र सफल भयो । चौटाला भाजपा उम्मेदवारसित ६ हजारभन्दा बढी मतान्तरले जीत हासिल गर्न सफल रहे ।

विधानसभाको उपचुनाव भएका तीनवटै राज्यहरूमा किसान आन्दोलनको प्रभाव महसुस गरियो र व्यापारिक जगतका गिद्धहरूको विपरीत प्रधानमन्त्रीले त्यस प्रभावलाई बुझिसकेका छन् । पश्चिमी उत्तर प्रदेशमा ती विरोध प्रदर्शनको प्रभावले उनलाई त्यस्तो बोध भएको हो । त्यसमा लखिमपुर खिरीमा भयानक हत्याका कारण भएको आत्मघाती नोक्सान पनि सामेल थिए र अबदेखि सायद ९० दिनभित्र त्यस राज्यमा पनि चुनाव हुन गइरहेको छ ।

२०२२ सम्ममा किसानहरूको आय दुगुना गर्ने प्रधानमन्त्रीको वाचा के भयो ? राष्ट्रिय नमुना सर्वेक्षण २०१८-१९ को ७७ औँ प्रतिवेदनले किसानहरूका बालीको खेतीबाट हुने आयको भागमा गिरावट भएको देखाएको छ । सबै मिलाएर किसानको आय दुगुना हुनु त बिर्सि नै दिऔँ, खेती-किसानीले वास्तविक आयमा पनि शुद्ध गिरावट भएको देखाएको छ ।

किसान आन्दोलनले वास्तवमा कानुनहरू फिर्ता गराउने माग पूरा गराउनमा दृढताको परिचय दिएको मात्र होइन त्यसभन्दा पनि धेरै ठूलो काम गरेको छ । उनीहरूको सङ्घर्षले देशको राजनीतिलाई गहिराइसम्म प्रभावित गरेको छ जस्तो कि २०१४ मा भयो । कानुनहरूको फिर्ता कृषिसम्बन्धी सङ्कटको अन्त कदापि पनि होइन । यो त ती सङ्कटसम्बन्धी ठूलो मुद्दामाथि लडाइँको एक नयाँ चरणको सुरुआत मात्र हो ।

किसान आन्दोलन लामो समयदेखि चलिरहेको हो र विशेष रूपमा २०१८ देखि बलियो भएर उठेको हो । जब महाराष्ट्रका आदिवासी किसानहरूले आफ्नो समस्यालाई लिएर नासिकदेखि मुम्बईसम्म १८२ किलोमिटर सडकमा पैदल मार्च गरेर देशलाई उत्तेजित पारिदिएका थिए । त्यतिबेला पनि सरकारसमर्थक व्यापारिक प्रचारमाध्यमहरूले ती किसानहरूलाई 'अर्बन नक्सल' भनेर बदनाम गर्ने र अनेक अनर्गल प्रचारबाजी गरेका थिए । उनीहरूलाई सरकारले किसान नै मानेको थिएन तर ती किसानहरूको मार्चले उनीहरूको निन्दा गर्नेहरूलाई पराजित गरिदिएको थियो । आज भारतमा किसानहरूको जुन जीत भएको छ, त्यसमा ती मानिसहरू समावेश छैनन् जसलाई व्यापारिक सञ्चारमाध्यमले किसानको रूपमा चिनाएका छन् ।

पहिलेदेखि नै चर्चाहरू भइरहेका छन् कि कृषि कानुनहरूमा मोदी सरकारको पछाडि हटाइको धूर्ततापूर्ण रणनीतिले कसरी उत्तर प्रदेश र पञ्जाबका विधानसभा निर्वाचनमा महत्वपूर्ण प्रभाव पार्नेछ । पञ्जाबमा पूर्वमुख्यमन्त्री क्याप्टेन अमरिन्दर सिंहले काङ्ग्रेसबाट राजीनामा दिएर मोदीसित सम्झौता गरेर बनाएको योजनाअनुसार जीत मिल्ने सपना पेश गरेका छन् । यसले त्यहाँको चुनावी तस्बिरलाई बदलिदिनेछ तर त्यसले सङ्घर्षमा भाग लिएका हजारौँ लाखौँ किसानको जीत हुनेछैन । पञ्जाबमा भाजपा र सङ्घ परिवारका उम्मेदवारहरूको जीत फेरि पनि वर्षौँ आन्दोलन गरेका, मुटु जम्ने अति चिसो, चर्को गर्मी र त्यसपछि भीषण वर्षा झेलेर सङ्घर्षलाई निरन्तरता दिएका र मोदी तथा उनको दास सञ्चारमाध्यमहरूको घिनलाग्दा व्यवहार र दुष्प्रचारको सामना गरेका किसान योद्धाहरूको हार हुनेछ ।

आन्दोलनकारी किसानहरूले प्राप्त गरेको सबैभन्दा महत्वपूर्ण उपलब्धि भनेको त देशको अन्य क्षेत्रमा पनि प्रतिरोधको आवाजहरूलाई प्रेरित गर्नु, आफ्ना आलोचकहरूलाई जेलमा राखिदिने र प्रताडित गर्ने, गैरकानुनी गतिविधि (रोकथाम) अधिनियमअनुसार पत्रकारहरू र सामान्य नागरिकहरूलाई खुलेआम पक्राउ गरी जेलमा कोच्ने एवम् आर्थिक अपराधको लागि स्वतन्त्र सञ्चारमाध्यमहरूको आवाजलाई कुल्चने सरकारको विरोध गरिरहन जरुरी छ भन्ने सन्देश प्रसार नै हो । त्यसैले यो जीत मात्र किसानहरूको होइन । यो जीत त नागरिक स्वतन्त्रता र मानव अधिकारका लडाइँहरूको जीत पनि हो । यो साँचो अर्थमा भारतीय लोकतन्त्रको जीत हो ।

*(पी. साइनाथ भारतका एक वरिष्ठ पत्रकार तथा पिपुल्स आर्काइभ अफ रूरल इन्डिया नामको वेभसाइटका संस्थापक सम्पादक हुन् ।)*

*अनुवाद : प्रकाश*

---

## नेपालको...

घोर विचलन तथा परिवर्तनकारी भनिएका शक्तिहरूमाझ नै चलिरहेको सरकार बनाउने र भत्काउने खिचातानी एवं अन्तरसंघर्षको सन्दर्भमा यहाँ पनि फ्रान्सेली क्रान्ति र प्रतिक्रान्तिको इतिहासको प्रसंग निक्कै सान्दर्भिक र मननयोग्य देखिन थालेको छ ।

यो किन पनि यस्तो भइरहेको छ त ? नेपालका क्रान्तिकारीहरू आफ्नो आँखाको अघिल्तिरको सत्ता र सरकारमात्रै देख्न थालेका छन् र नेपाली क्रान्ति र परिवर्तनको अतितलाई चटक्कै बिर्सिदिएका छन् । हजारौं सहीदहरूका सपना के थिए विर्सिदिएका छन् । राजतन्त्रको रूपमा साडे दुइसय वर्ष शासन गर्दैरहेको तानाशाह त ढल्यो तर राजतन्त्रका कुकर्महरूको एउटा ठुलो हिस्सा भने अहिले पनि ज्युँको त्युँ रहेको छ । त्यसमा शुन्य वरावरको परिवर्तन भएको छ । राजतन्त्रको ठाउँमा गणतन्त्र भनिएको छ, तर जनताको नजरमा एउटा राजाको ठाउँमा कैयो राजा, रजौटाहरूको पुनर्जन्म गरिएको छ । राजतन्त्रको समयको प्रशासनिक प्रणालीले गर्ने शासन जस्ताको तस्तै राखिएको छ । जनता यी देखि आजित बनिरहेका छन् ।

सन् १७८९ को फ्रान्सेली क्रान्ति नवोदित पुँजीपति वर्गले सामन्तवाद र सामन्तवादी शासन प्रणालीको विरुद्धमा गरेको आजसम्मको सवभन्दा जबरजस्त, निर्मम, संझौताहीन र निर्णायक क्रान्ति थियो । क्रान्ति आफैमा एक दशक जारी रह्यो । यसले अभुतपूर्व र आमुल सामाजिक तथा राजनीतिक परिवर्तन ल्यायो । राजातन्त्रको समुल नष्ट गऱ्यो र मुलुकमा धर्मनिरपेक्ष लोकतान्त्रिक गणतन्त्रको स्थापना गऱ्यो । यस क्रान्तिले पहिलो पटक मानव इतिहासमा स्वतन्त्रता, समानता र भातृत्वको नारा वुलन्द गऱ्यो ।

फ्रान्समा सामन्तवादको अन्त्य र पुँजीवादको प्रारम्भको सिलसिलाबारेमा एङ्गेल्सले एउटा रोचक झाँकी प्रस्तुत गरेका छन्- 'जब फ्रान्सको क्रान्तिमा ऊ बेलाका दार्शनिकहरूले भन्ने गरेको जस्तो विवेकपूर्ण राज्य र सद्भावपूर्ण ९जबचकयलष्यगक० समाज फलिभूत भयो, त्यसबेला नयाँ संस्थाहरू पुरानो व्यवस्थाको तुलनामा जतिसुकै विवेकपूर्ण भएपनि पूर्णतः विवेकपूर्ण चाहिँ हुन सकेनन । विवेकको राज्य पूर्णतः नष्ट भयो । रुसोको सामाजिक सम्झौतामा निर्मित भनिएको राज्य अन्ततः आतङ्कको राज्यमा परिणत भयो र आफ्नो राजनीतिक योग्यतामा विश्वास गर्न छोडी सकेको पुँजीपति वर्गले यस आतङ्कबाट बच्न भ्रष्टाचारमा सहारा खोज्यो र अन्ततोगत्वा नेपोलियनको एकतन्त्रीय शासनको सहारा लिन पुग्यो ।'

शास्वत शान्तिको अपेक्षा गरिएको क्रान्ति आक्रामक युद्धहरूको अनन्त शृङ्खलामा परिणत हुन गयो । सद्भावनायुक्त समाजको अवस्था पनि यस्तै रह्यो । सम्पूर्ण जनताको समृद्धि प्राप्त गर्नुपर्नेमा धनी र गरिवहरूका बीचको खाडल बढदै गयो र तिनीहरूबीचको सामाजिक र आर्थिक ग्याप बढदै गयो र संघर्ष उग्र बन्न पुग्यो । सामन्ती बन्धनबाट वस्तुतः प्राप्त भइसकेको सम्पतिको स्वतन्त्रता ससाना उद्योगपति र किसानहरूको लागि ठुलठुला पुँजीपति र जमिन्दारहरूसँगको प्रतिस्पर्धामा थिचिएकाको आफ्नो सम्पति ठुलठुला स्वामीहरूलाई बेच्ने स्वतन्त्रता मात्रै ठहरियो । यसप्रकारले ससाना पुँजीपति र किसानको हकमा भने सम्पतिको स्वतन्त्रता भनेको सम्पतिबाट बन्चित हुने स्वतन्त्रता बन्नपुग्यो । पुँजीवादी आधारमा उद्योग धन्दाको विकासले श्रमजीवी जनताको दरिद्रता र दुर्गतिलाई समाजको अस्तित्वको कडी बनाइदियो । एकपछि अर्को वर्ष अपराधको संख्या बढ्दै गयो । पहिले सामन्ती व्यभिचारको नाङ्गोनाच देखिन्थ्यो भने अब त्यसको ठाउँमा पुँजीवादी व्यभिचार खुल्लम खुल्ला बढ्न थाल्यो । व्यापारमा जालझेल झन्झन्न बढ्न थाल्यो । बन्धुत्वको क्रान्तिकारी नारा प्रतिस्पर्धाको लडाइँमा हुने छलकपट र घाँटी कोराकोरमा देखिन थाल्यो । सत्ता प्रयोगद्वारा गरिने दमनको ठाउँ भ्रष्टाचारले लियो । अब सामाजिक सत्ताको मूल हतियार तरबारको साटो पैसा बन्यो । सुहागरातको अधिकार सामन्ती मालिकहरूको हातबाट फुत्केर पुँजीवादी कारखाना मालिकहरूको हातमा पुग्यो र वेश्यावृत्ति अभुतपुर्व रूपमा बढ्यो ।

फ्रेन्च क्रान्ति (१७८९)भरखरै सम्पन्न भएको थियो र संक्रमणको क्रम जारी थियो । प्रतिक्रान्तिकारीहरू माथिको दमनचक्र तीव्र पारिदै थियो । राजा रानी गिलोटिनमा काटी सकिएका थिए । प्रतिकान्तिकारी भनेर शंकास्पद हजारौं मारिन पुगे । त्यसमा निदीषहरू पनि पर्न थाले । अराजकता र आतंकको बिगबिगी मचियो । यो सब काम क्रान्तिका नायक रोबोसपियरेको नेतृत्वमा भई रहेको थियो । क्रान्तिका अर्का नायक जर्जेस ज्याक्स ड्याण्टन पनि थिए । यी दुवै एक अर्काका प्रतिद्वन्दी भए । रोबोसपियरेले ड्याण्टनलाई पक्रेर मुद्दा चलाए । पुर्पक्षको दौरानमा ड्याण्टनले ललकार्दै प्रतिवाद गरेका थिए ,ुशनिले जस्तै क्रान्तिले आफ्नै सन्तानको आहारा बनाएको छ।ु उनलाई फाँसीमा चडाउने उर्दी भयो । बलिवेदीमा लादै गर्दा उनि रोबोसपियरेको घरको बगलबाट गुज्रदै थिए । घरलाई पुलुक्क हेरेर उनले टिप्पणी गरे, रोबोसपियरे तिम्रो गति पनि चाढै हाम्रै जस्तो हुनेछ । तिम्रो यो घर पनि गर्ल्याम गुर्लुम ढालिने छ । अनि तिम्रा पनि घाउमा नुन चुक दलिने छ।ु ड्याण्टनको भविष्यवाणी सत्य सावित भयो । पहिले गिरोण्डिनहरूको सफाय गरियो । दोश्रो शिकार ड्याण्टनहरू भए । अन्ततः रोबोसपियरे र उनका अनुयायीहरूलाई च्याङ्गुराइयो । यसरी क्रान्तिका संवाहकहरूको हुर्मत लिइयो । अनि उनीहरूको चिहान माथि प्रतिक्रान्तिकारीहरूले बुर्कुसी मार्न थाले, लामो समय सम्म ।

भनिन्छ, फ्रान्सेली क्रान्ति सामन्तवाद विरुद्धको पुँजिपति वर्गको क्रान्ति थियो, त्यस क्रान्तिमा निम्छरो सर्वहारा वर्ग पुँजिपति वर्गको दुमछल्ला थियो । १९१७को रुसी अक्टुवर क्रान्ति पछि भने क्रान्तिले करवट बदल्यो र फ्रान्सेली क्रान्तिको प्रति धारा विकास गयी । यस प्रति धारामा भने उदियमान सर्वहारा वर्ग स्वयं पुँजिवादको विरुद्धमा विद्रोहमा उत्रियो ।

फ्रेन्च क्रान्तिले आफ्ना मुल्यमा स्थिर हुन ठुलो उतारचढावका साथ झन्डै सय वर्ष समय लगायो । क्रान्तिले पहिलो दशक पार गर्दा नगर्दै (१८००मा) सैनिक तानाशाह नेपोलियनलाई भित्र्यायो । १८१५ मा पुरानै राजतन्त्रको पुनर्स्थापना गऱ्यी । १८३१ मा अर्को वंशको राजतन्त्र स्थापना गयी । १८४८ को क्रान्तिले पुन राजतन्त्रको अन्त्य गयी र आम निर्वाचन मार्फत लुई बोनापार्टलाई राष्ट्रपति निर्वाचित गयी । त्यहीं राष्ट्रपतिले ४ वर्ष पछि आफैलाई सम्राट घोषणा गयी । १८७०को फान्स प्रुसियन लडाईमा सम्राट लुई बोनापार्ट समातिए र निर्वासनमा पठाइए । तब भने त्यस शासन प्रणालीको पनि अन्त्य भयो । आजसँम्म आइपुग्दा दुनियाँ पुँजीवादको चर्तिकलाबाट आजित भएको छ । भनिदै छ, पुँजीवाद आफ्नो अवसानको लामो चक्रमा प्रवेश गरी सकेको छ । यसको अन्त्य ढिलो वा चाँडो अवश्यमभावी छ र यसको गर्भबाट वैज्ञानिक समाजवादको जन्म अवश्य हुने छ । तर पनि नेपालका क्रान्तिकारीहरू र परिवर्तनशील शक्तिहरूले फ्रान्सेली क्रान्ति र प्रतिक्रान्तिकाबाट यी सबै पाठहरूबाट सिक्नैपर्ने आवश्यकता हुन गएको छ ।

*hukumsingh2012@yahoo.com*

## जनयुद्धमा...

इन्चार्ज सीपी शर्माले एक शोक वक्तव्य जारी गरी प्रदेश सदस्य समेत रहनु भएका केहेर सिंह बुढा मगर (प्राण)को दुखद् निधनबाट सिंगो पार्टीपंक्ति अत्यन्तै मर्माहित भएको जनाउनु भएको छ । दशवर्षे जनयुद्ध तथा समग्र नेपालको कम्युनिस्ट आन्दोलनमा कमरेड बुढाको अतुलनीय योगदान र भूमिका रहेको भन्दै उहाँ र उहाँकी जीवनसाथीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । श्रद्धाञ्जली वक्तव्यमा शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदन व्यक्त गर्नुभएको छ ।

## राष्ट्रघाती...

गरिएको विरोधसभालाई नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य सीपी गजुरेल गौरव, पार्टीका पोलिटव्यूरो सदस्य तथा प्रदेश ३ का इन्चार्ज दिनेश शर्मा सागर, पार्टीका पीवीएम तथा प्रदेश ३ का सेक्रेटरी सुरेश श्रेष्ठलगायतका नेताहरूले एमसीसी कुनै पनि हालतमा पास हुन नदिने चेतावनी दिनुभएको थियो ।

एमसीसी पास भए देशको स्वाधीनता गुम्ने स्थिति आउने बताउनु भएको थियो । देशको स्वाधीनता जोगाउन क्रान्तिकारी माओवादी जस्तोसुकै मूल्य चुकाउन पनि तयार रहेको स्पष्ट पार्नुभएको थियो ।

विरोधसभामा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियनका नेता कुमार घतानी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका काठमाडौं सचिव ढोगप्रसाद अधिकारी लगायतका नेताहरूले पनि विरोध मन्तव्य राख्नुभएको थियो ।

पार्टीकी जिल्ला इन्चार्ज शारदा महतको अध्यक्षतामा भएको विरोधसभाको सञ्चालन जिल्ला सेक्रेटरी खगेन्द्र छन्त्यालले गर्नुभएको थियो ।

'सम्पूर्ण देशभक्त तथा जनगणतान्त्रिक शक्तिहरू एक होऔं, राष्ट्रिय स्वाधीनताको रक्षा गरौं' भन्ने मूल नाराका साथ आयोजना गरिएको विरोधसभामा अमेरिकी साम्राज्यवाद मूर्दावाद, दलालहरू होसियार, राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर लगायतका नाराहरू लगाइएको थियो ।

## अखिल...

समितिको आयोजनामा आज त्रिचन्द्र क्याम्पसमा वैचारिक तथा राजनैतिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको जनकारी अखिल(क्रान्तिकारी ) को केन्द्रीय उपाध्यक्ष शीलु न्यौपानेले दिनु भएको छ । उक्त कार्यक्रमका प्रमुख प्रशिक्षक ने.क.पा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सी.पी गजुरेल ,विशेष प्रशिक्षक अखिल(क्रान्तिकारी)का केन्द्रीय अध्यक्ष हरिकृष्ण गजुरेल , उपाध्यक्ष शीलु न्यौपाने, महासचिव पेशल दाहाल, सचिव महेश श्रेष्ठको उपस्थित रहेको थियो ।

## एमसीसी र...

र अन्य सदस्य रहेका छ्न ।

सभालाई पार्टीका पोलिट्ब्युरो सदस्य तथा किसान महासंघका महासचिव धनेस्वर पोखरेल ,केन्द्रिय सदस्य तथा प्रदेश इन्चार्ज राम ब केसि ,केन्द्रिय सद्स्य हरि सुवेदी लगाएतका नेताले सम्बोधन गर्नु भएको थियो भने फारवेल होटलको हलमा भएको अखिल नेपाल् किसान् महासंघ (क्रान्तिकारी ) कार्यक्रमको जिल्लाको पहिलो भेला हरिराम चौधरीको अध्यक्षतामा र प्रमुख अतिथी धनेस्वर प्रसाद खनाल ,अतिथी राम ब के सि अतिथी हरि सुवेदी सहिद तथा बेपत्ता परिवार बाट क गम्भिर जिल्ला सचीव रुद्र कडेल लगायतको आथित्यमा सम्पन्न भएको उक्त भेलाको संचालन किसान महासंघ (क्रान्तिकारि)काप्रदेशसंयोजक टंक कोइरालाले सन्चालन गरेका थिए ।भेला तथा विरोध प्रदर्शनमा क्रान्तिकारी माओवादी तथा सम्बद्ध जबस मोर्चाका नेताहरूको समेत उपस्थिति रहेको थियो ।

# छपकैया अपहरण



● पूर्णबहादुर अधिकारी ●

***विरोधका स्वरहरू घन्काउँदै जाँदा सिर्सिया खोला पनि भेटियो । जुन उत्तरतिरबाट नागबेली पर्दै दक्षिण-पूर्वतिर बग्दै थियो । भारततिर बग्दै गरेको यो खोलो भारतीय नेताहरूको मनजस्तै मैलो र कालो थियो । यो खोलो नभएर फोहोरी नाला थियो । खोलाको डीलमा पुग्ने बित्तिकै पश्चिम पारिपट्टि दुई ठूला सेता नयाँ खम्बाहरू गजधम्म बसेका देखिए । स्थानीयहरू देखाउँदै थिए । केही दिन अघिसम्म त्यो हाम्रै जमिन थियो ।***

नेपाल र नेपालीको दुर्भाग्यका दिन अब नजिकिँदै छन् जस्तो लाग्दैछ । कमजोर र अभावका स्थितिमा बाँच्नु पनि आफैँमा एउट दुर्भाग्य हो । संसार बलियाको मात्रै रहेछ । सानादेखि ठूलासम्म सबै प्राणीबीच सङ्घर्ष देखिन्छ र सो सङ्घर्षमा बलियाको जीत र कमजोरको हार देखिन्छ । यसो हुनु स्वाभाविक र प्राकृतिक कुरा रहेछ क्यारे, दुनिया देख्दा र भोग्दा मलाई यस्तै लाग्यो ।

दुःख र दुर्भाग्य जन्मबाटै लिएर आउँदो रहेछ मान्छेले । गरीब, भीखमङ्गाका पनि सन्तान हुन्छन् । जन्मेदेखि नै तिनका सन्तानले रोग र भोकसँग जुधेर बाँच्नु पर्छ । जुध्न नसके मर्नुपर्छ । दुनियामा छरपस्ट देखिने भौतिक वस्तुहरूको उपभोग तिनका नसीबमा हुँदैनन् कतिपय सम्पन्न परिवारमा जन्मन्छन् र जन्मबाटै तिनलाई सम्पूर्ण सुख-सुविधाका चीजहरू प्राप्त हुन्छन् । म एउटा मान्छे यस्तो देशमा जन्मैँ जहाँ जन्मकै कारणले म अभागी भएँ, दुखी भएँ । अपमान र तिरस्कारका घुट्का पाइला-पाइलामा पिउँदै बाँच्नु परेको छ आज ।

म जन्मेको देश ठूला दुई देशहरू, चीन र भारतका बीचमा अवस्थित छ । मेरो देश नेपाल चीनभन्दा पचास गुना सानो र भारतभन्दा २५औँ गुना सानो छ । हजारौँ विगाहाका मालिक जमिन्दारहरूका बीचमा हामी एक विगाहा जमिन लिएर बाँच्न विवश छौँ । बाहिरी संसारमा पुग्ने हाम्रो अर्को बाटो छैन । ठूला छिमेकीहरूले अनुमति दिए अल्लि बाहिरका छिमेकीहरूसँग भेट गर्न पाउँछौँ । अनुमति नदिए पाउँदैनौँ । ठूलाबडा मान्छे अल्लि असजिलो मानसिकताले बनेका हुन्छन् । उनीहरू आफूभन्दा कमजोर मान्छेलाई मान्छेका रूपमै गन्दैनन् । ती साना मान्छेहरूले ठाडो शीर गरेर हिँडेको पनि उनीहरू मन पराउँदैनन् । राम्रो लगाएर हिँडेको पनि मन पराउँदैनन् । खुसी अनुहार लिएर उभिएको पनि उनीहरूलाई मन पर्दैन । हाम्रा सन्तानले प्रगति गरेको देख्दा पनि उनीहरूलाई सैह्य हुँदैन । समग्रमा हाम्रो उन्नति-प्रगतिले उनीहरूलाई डाह हुन्छ, इर्ष्याले जल्छन् । हाम्रो आफ्नै घरमा हामीलाई आत्मनिर्भर भएर बाँच्न पनि दिँदैनन् । हामी सबै सधैँ तिनका आसेपासे भएर मात्र बाँची रहूँ भन्ने चाहना राख्दा रहेछन् ।

भारतीयहरूलाई अङ्ग्रेजहरूले २०० वर्षसम्म दास बनाएर राखे पनि फाइदै-फाइदा भएछ । सयौँ टुक्रामा छरिएर आपसमा लड्दै बाँचेका भारतीयहरूलाई अङ्ग्रेजहरूले आजको एउटा विशाल राष्ट्र हातमा राखिदिए । अङ्ग्रेजहरू भारत आउँदा हामीलाई पो ठूलो नोक्सान भएछ । उनीहरूले हाम्रो विस्तार र निर्माणलाई रोकिदिए । स्वतन्त्र रहेर हामीचाहिँ अपाङ्गजस्तै भयौँ कतै हलचल गर्न नसक्ने अपाङ्ग ।

सन् १९४७ मा अङ्ग्रेजहरूले भारत छोडेर जाँदा भारतीयहरूलाई एउटा विशाल राष्ट्र बन्ने पूर्वाधार पनि बनाइदिए । अङ्ग्रेजहरू जाँदा सुगौली सन्धिअघिको पूर्वमा टिस्टादेखि पश्चिममा काँगडासम्मको र दक्षिणमा सुगौलीसम्मको भूभाग फिर्ता लिनुपर्थ्यो । १०४ वर्षसम्म रजाइँ गरेका राणाहरूले यति काम पनि नगरेर नेपाल र नेपालीप्रति ठूलो गद्धारी गरे । हिजोको तिनको त्यो गद्धारी आज हाम्रो लागि ठूलो अभिशाप बनेको छ । विरासतमा भारतीयहरूले आफ्ना मालिकहरूको साम्राज्यवादी विस्तारवादी सोच पनि पाए । स्वतन्त्रतापछि सत्तामा पुग्ने हरेक भारतीय नेताहरूले अङ्ग्रेजहरूको जस्तो दमनकारी र कपटी दुर्गुण वंशानुगत रूपमा पाएछन् ।

मलाई निकै अघिदेखि लागेको हो । हाम्रो दक्षिण सीमानामा एउटा अजङ्गको विषालु र डरलाग्दो अजिङ्गर सुतिरहेको छ । बेला-बेला ऊ फुङ्कार छोड्छ । हामीले यताउति हेर्नै हुन्न ऊ रिसले भाउन्न हुन्छ । उसको पेटमा हाम्रा सुस्ता, सोमेश्वर, टनकपुर, कालापानी, लिपुलेक र लिम्पियाधुरा छन् । उसको पेटमा अझ पहिल्यै मेची पचिसकेको छ । सिक्किम पचिसकेको छ । हाम्रो माने भञ्ज्याङ मेचीकिनार सबै-सबै पचाइसकेको छ । यो लामो आयु पाएको अजिङ्गर हो, यो सित्तिमित्ती मर्दैन ।

आजको केही दिनअघि नेपाली समाचार माध्यमहरूमा वीरगञ्ज न.पा.-१, छपकैया गाउँको करिब ५० विगाहा जमिन त्यो अजिङ्गरले निल्नका लागि तीखा दाँत गाडिसकेको समाचार आए । यही माघ १७ गते मैले पनि दे.ज.मो. का साथीहरूसँग छपकैया पुग्ने मौका पाएको थिएँ । यात्राभरि मनमा अनेकौँ उकुस-मुकुस र कौतुहलका छालहरू उर्फँदै थिए । मन एकतमासको हलचलले कम्पायमान थियो । देशभक्त विज्ञहरू (फणिन्द्र नेपाल, नोबल खड्का र बुद्धिनारायण श्रेष्ठ) छिमेकी भारतले हाम्रो सानो देश नेपालका ७१ भन्दा बढी ठाउँहरूमा सीमा अतिक्रमण गरिसकेको छ, सिमानामा बाँध बाँधेर हाम्रा गाउँबस्तीहरू डुबानमा पारिसकेको छ, 'लौन सत्तामा बसेर शासन चलाउनेहरू । देशमाथि हुने गरेको अतिक्रमणको विरोध गर र मिचिएको (अतिक्रमित) भूभागहरू फिर्ता गर' भनेर चिच्याइरहेका छन् । तर विडम्बना कस्तो भैरहेछ भने सत्तासीन र सत्तामा पुग्न लालायित कुनै पनि दलका नेताहरू यस्ता अतिक्रमणका विरुद्ध एक शब्द पनि बोल्दैनन् । ती विभिन्न अतिक्रमणका पीडाले छट्पटिएका बेला विभिन्न समयमा म पनि सुस्ता, सोमेश्वर, जोगवनी, पशुपतिनगर, वनवासा र टनकपुर पुगेँ । ती अतिक्रमित ठाउँहरूको दुःखद दृष्टिले मात्र पनि मन एकदम क्षत्विक्षत भयो । टुलुटुलु हेरेँ, आँखाभरि आँशु लिएर । के गर्नु देशको एउटा नागरिकले गर्ने कुरा केही हुँदो रहेनछ । सत्तामा पुग्ने जो कोही पनि तिनै प्रभुको दलाल भैसक्दो रहेछ ।

७ बजे हिँड्ने भनिए पनि सि.एम.सि. अगाडिबाट पौने आठमा मात्र एउटा मिनी बसमा हामी हिँड्यौँ । टाँडी, पर्सा र भण्डाराबाट विभिन्न कलेजका विद्यार्थीहरू पनि यात्रामा सामेल भएपछि बस भरीभराउ भयो । सबैलाई सिट पुगेन । हामी बूढाहरूलाई भने विद्यार्थीहरूले माया नै गरे । बीचबीचमा ओर्लेर चढ्दा पनि सिट कब्जा गरेनन् । बसे नै पनि लौ बुबाहरू बस्नोस् भनेर छोडिदिए । नयाँ पिढीमा एउटा सभ्यताको भने विकास भएछ कि भन्ने पनि लाग्यो ।

साथमा अ.ने.ज.साँ.स. का मित्रहरू रविकिरण निर्जीव, ईश्वरी ओझा, मोदनाथ मरहठ्ठा र अशोक शर्मा पनि हुनुहुन्थ्यो ।

हेटौँडा पुग्दा ११ बजेको (खानाखाने बेला टर्न लागेको) थियो । हाम्रो बसलाई किन हो ट्राफिकले पार्कभित्र प्रवेश दिएनन् । पार्किङ्गका लागि वनविज्ञान अध्ययन संस्थान अगाडि पुग्नु पऱ्यो । खानाको खोजीमा पुनः १ कि.मि. जति हिँडेर बसपार्क नै आउनु पऱ्यो । खाना खाएर हिँड्दा १२ बज्यो । यहाँ पनि केही स्थानीय भाइहरू सीमा अवलोकन अभियानमा थपिए ।

२:३० मा वीरगञ्जको घण्टघरनेर पुगियो । त्यसपछि हाम्रो बस त्यहाँको अव्यवस्थित ट्राफिक जाममा फस्यो । कछुवा गतिमा कहिले पूर्व, कहिले पश्चिम र कहिले दक्षिण अनि कहिले पश्चिम घुम्दै धुलाम्मे र साँगुरा गल्ली, गल्छेडाहरू पार गर्दै सीमा नजिक-नजिकै अलिकति सडक छेउमा बस पार्किङ्गको लागि ठाउँ मिल्यो र चालकले बसलाई त्यहीँ विश्राम दिए । हाम्रो अघि-अघि दुईजना स्थानीय व्यक्तिहरू मोटरबाइकमा पथप्रदर्शन गरिरहेका थिए । तिनीहरू पनि नभएका भए त वीरगञ्जको माकुरे जालजस्तो बस्तीमा हामी हराउने रहेछौँ । पैदल पनि करीब ३ कि.मि. जति हिँड्नु पऱ्यो । बसबाट ओर्लेपछि नै हामी सडकमा पङ्क्तिबद्ध भयौँ । हातहातमा प्लेकार्ड, राष्ट्रिय झण्डा, अनि छाती-छातीमा भारतीय हस्तक्षेपका विरुद्ध र दलाल नेता र सरकारका विरुद्ध लेखिएका नाराहरू टाँसेर हामी स-स्वर नारा लगाउँदै मुठ्ठी उठाउँदै अघि बढ्यौँ । ने.क.पा. क्रान्तिकारीका साथीहरू पनि आफ्नो पार्टीको झण्डा फहराउँदै अघि बढ्नु भएको थियो ।

तत्काल गर्न सकिने केही नभए पनि राष्ट्रप्रति आपत आइलाग्दा सचेत जनता त उठ्नै पर्ने थियो जाग्नै पर्ने थियो । सुतेकाहरूलाई ब्युँझाउनु पर्ने थियो । त्यसक्षेत्रका जनताका कानमा राष्ट्रभक्तिका भावना भर्नु थियो । त्यसतर्फ केही काम त भयो कि भन्ने लाग्यो ।

सीमा नजिक हाम्रो जुलुस पुग्दा प्रहरीहरू पनि सँगै मिसिए । यिनीहरूलाई लागेको हुँदो हो यी मान्छेहरू कतै नयाँ सीमा पारी पनि पुगेर केही गडबडीको सुरुवात गर्छन् कि ?

विरोधका स्वरहरू घन्काउँदै जाँदा सिर्सिया खोला पनि भेटियो । जुन उत्तरतिरबाट नागबेली पर्दै दक्षिण-पूर्वतिर बग्दै थियो । भारततिर बग्दै गरेको यो खोलो भारतीय नेताहरूको मनजस्तै मैलो र कालो थियो । यो खोलो नभएर फोहोरी नाला थियो । खोलाको डीलमा पुग्ने बित्तिकै पश्चिम पारिपट्टि दुई ठूला सेता नयाँ खम्बाहरू गजधम्म बसेका देखिए । स्थानीयहरू देखाउँदै थिए । केही दिन अघिसम्म त्यो हाम्रै जमिन थियो ।

एकजना स्थानीय बृद्ध जो सारै दुब्ला पातला थिए । उनी पनि हामीसँग हिँड्दै थिए । उनीसँग मैले सोधेँ 'यो सिर्सिया कहिलेदेखि यता आएको हो ?'

'त्यही बीस पच्चीस दिन भयो ।'

'त्यसभन्दा अगाडि कता बग्दै थियो त ?'

'त्यो खोला त धेरै माथिबाट सिधा दक्षिणतिर बग्दै थियो ।'

'अहिले बर्खा पनि होइन, बाढी आएको पनि छैन । अनि कसरी यता आयो त ?'

'कहाँ हजुर, उनीहरूले उतातिर बाँध बाँधेर पानी यता बगाईदियो नि !'

अल्लि अगाडि बढ्दै जाँदा पारिपट्टि नेपाली भूभागतिर तीनवटा खाल्डा पिलर गाड्न ठिक्क पारेका भैटिए । यहाँचाहिँ पिलर गाड्न जनता, देशभक्त, बुद्धिजीवी र पत्रकारहरूको विरोधका कारण रोकिएको रहेछ । हामी सिर्सिया केही मोडिएर पूर्वतिर बग्दै गरेको किनारमा जम्मा भयौँ । त्यहाँ एउटा विरोध सभाको आयोजना गऱ्यौँ । सभाका प्रमुख वक्ता थिए अखिल क्रान्तिकारीका अध्यक्ष सेवन्त भण्डारी । उनको बोलाइको भाव थियो - पहिलो यो देशका सञ्चालकहरू दलाल हुन् । उनीहरूकै अकर्मण्यता र दलालीका कारणले भारत नेपाली भूमि अतिक्रमण गर्न उक्सिएको हो । नापी विभागको मिलेमतोमा नेपालका भूमिहरू बेचिएका हुन् । नेपालीहरू बेलैमा सचेत भएर देशको सूरक्षामा जुट्नुपर्छ । यो आमसभा चल्दै गर्दा पारिपट्टि भारतीयहरू चर्कोचर्को स्वरमा कराएर हल्ला गर्दै थिए, हाम्रो अभियानलाई गिल्ला गर्दै थिए ।

सभाका अर्का वक्ता थिए २ नं. प्रदेशका एकजना सक्रिय देशभक्त नेता कृष्णदेव सिंह उनले पारिपट्टिकाले पनि बुझून् भनेर हिन्दीमैँ बोले 'हामी वारिपारिका जनतामा कुनै वैमनस्यता छैन । यो सबै स्थिति आएको हाम्रै नेता र सरकारका कारणले हो । हाम्रा नेताहरूलाई देशको माया छैन । उनीहरू आफ्नो व्यक्तिगत स्वार्थका लागि देश बेच्ने गर्छन् । हाम्रो सीमा रातारात सारिएको हुन्छ । आज नेपाली भएर सुतेको मान्छे, भोलिपल्ट ऊ भारतीय भूमिमा हुन्छ । ऊ त्यो भूमिलाई आफ्नो भन्न पाउँदैन । लखेटिनु पर्छ, सुकुम्बासी बन्नुपर्छ, सुस्ताका जनताको त्यस्तै हालत भयो । मेची किनारका बस्तीहरू त्यसरी बलात्कृत भए । माने भञ्ज्याङ लुटियो । देश लुटिँदा, नेपाली जनता अनाथ हुँदा नेपालको सत्ता कहिल्यै बोलेकै छैन । भारतसँग नेपालका चारवटा नक्सा छन् । ऊ नयाँनयाँ नक्सा बनाइरहन्छ । आफ्ना दलाल हाम्रा सत्ता सञ्चालकहरूलाई पैसाले किन्छ र सीमाना मिचिरहन्छ जनता ब्युँझेर राष्ट्ररक्षा गर्ने कहिले हो खोई तर जनताले हरेस खानुहुन्न, देशभक्त नेता जन्माउनु पर्छ अनिमात्र देशको रक्षा हुन्छ ।'

कार्यक्रमको अन्तिममा केही पत्रिकाका पत्रकारहरू हुँ भन्नेहरूले भण्डारीसँग अन्तर्वार्ता पनि लिए । ती मध्ये एकजनाले म नवभारत टाइम्स पत्रिकाको संवाददाता हुँ पनि भन्दै थियो । उनीहरूको प्रश्न सोधाइ बुझ्दा लाग्थ्यो यिनीहरू सबै भारतीय नै हुन् । ५ बजे हामी अतिक्रमित सीमाबाट दुःखी र आक्रोशित मन लिएर फर्क्यौँ । घण्टाघरचोकमा एक कोणसभा राखियो । केही विद्यार्थीहरूबाट आजको कार्यक्रमबारे प्रकाश पार्दै दलाल हाम्रो सरकार र अतिक्रमणकारी भारतीय सत्तालाई चेतावनी दिए ।

घण्टाघरकै तल एउटा अनसन कार्यक्रम पनि २७औँ दिनमा चल्दैरहेछ । तीन-तीन घण्टाको रिले अनसन रहेछ त्यो । बुझ्दा थाहा पाइयो यो अनसन त दुई नम्बर प्रदेशको राजधानी वीरगञ्जलाई बनाउनुपर्छ भन्नेरहेछ । यहाँका नेताहरूको यो गैह्रराष्ट्रवादी नियत देख्दा मन साह्रै दुख्यो । आफ्नै आङ्मा आगो लागेको छ । यिनलाई मतलब छैन । नपालप्रति माया भए, यो अनसन त, 'देशको सूरक्षा गरी पाऊँ', भन्नका लागि हुनुपर्थ्यो । यो अनसनको पारा देखेर मोदनाथजी भन्दै हुनुहुन्थ्यो, 'यी बदमासहरूलाई के को देशको चिन्ता ? यसलाई राजधानी बनाउन पाए । ठूलो व्यापार गरेर सम्पत्ति कमाउँला भन्ने मात्रै छ ।'

करीब ५:३० बजे घण्टाघरबाट बसतिर जाँदै गर्दा भोको पेटले मकै देख्यो । दश-दशका पाँच पोका फुल मकै र एकमाना बदाम लिएँ । त्यो फुटपाथ पसले सोध्दै थियो, 'के को कार्यक्रम हो यो ?'

मैले सोधेँ, 'भाइ, तिमीलाई भारतले ५० विगाहा छपकैयाको जमिन मिचेको थाहा छैन ?'

'अहँ, थाहा छैन ।'

'तिमी वीरगञ्जकै मान्छे । वीरगञ्ज छेउको जमिन लुटिँदा तिमी थाहा छैन भन्छौ, यस्तो पनि हुन्छ ?'

'के गर्ने त, कसैले कुरै गर्दैन ।'

'लौ हेर्नोस् त, वीरगञ्जवासीको चाला ?'

यिनीहरूको भित्री आशय पनि होला - भारतले नेपाल मिचेर के फरक पर्छ र ?

५:२० बजेतिर हाम्रो बस फिर्ता भयो । आजको यो सीमा अवलोकनले मन एकदम व्यथीत बनायो । सन् १९७१ मा भारतले २५ वर्ष लगाएर सिक्किम निल्यो । सिक्किममा आफ्ना नागरिकहरू बसाएर सांसदहरूलाई किनेर बहुमत बनाएपछि सिक्किमलाई एक रातमा निलेको थियो । सिक्किमका राष्ट्रवादी सेना थुप्रैलाई गोलीले भुटेर दरबार कब्जा गरेको थियो । मेरो मन चिसो भयो । कतै कुनै एक समयमा हाम्रो प्रतिनिधि सभाका सबै सदस्यहरूलाई किनेर त्यही सिक्किमकै इतिहास त दोहोरिँदैन ? आशा गरौँ सबै नेता त्यस्तै दलाल हुने छैनन् । अधिकांशको मन, मुटुमा नेपाली रगत बगेकै होला । नेपाल आमाले धेरै नभए पनि केही न केही त मातृभूमिप्रेमी सन्तान जन्माएकै होलिन् ।

## युवा...

हाम्रो आजको सभा अति महत्वपूर्ण छ । मैले भन्न चाहेको सबै कुरा भनिसकेँ । म के आशा गर्छु भने तपाईंहरूले चिनियाँ क्रान्तिका बितेका पचास वर्षका सबै पाठहरूको अध्ययन गर्नुहुनेछ, यसका सबल पक्षहरूको विकास गर्नुहुनेछ र यसका गल्तीहरूबाट जोगिनु हुनेछ, जसले गर्दा युवाहरू देशभरिका जनतासँग एकताबद्ध हुन सकुन् र क्रान्ति विफलताबाट सफलतातिर मोडिन सकोस् । युवाहरू र सिङ्गै राष्ट्रलाई सञ्चालित, संगठित र एकताबद्ध पारेपछि जापानी साम्राज्यवादको सत्ता पल्टाइनेछ । हरेक तन्नेरीले आफ्नो जिम्मेवारी बहन गर्नैपर्छ । जापानी साम्राज्यवादको तख्ता पल्टाउन र पुरानी चीजलाई नौलो चीनमा फेर्नका निम्ति तपाईंहरू हरेकले पहिलेको भन्दा बेग्लै हुनुपर्छ र देशभरिका युवाहरूलाई एकताबद्ध गर्न देशभरिका जनतालाई संगठित गर्न दरिलो अठोट गर्नुपर्दछ । तपाईंहरू सबैबाट म यही कुराको आशा गर्छु ।

१. यो भाषण कामरेड माओ त्सेतुङले मई ४ आन्दोलनको बीसौं वार्षिकोत्सवको उपलक्ष्यमा येनानको युवाहरूद्वारा आयोजित स्मृत-सभामा दिनुभएको थियो । यस भाषणले चिनियाँ क्रान्तिसम्बन्धी उहाँको विचारमा भएको विकासलाई औंल्यायो ।

२. शेंनशी-कानसू-निङश्या सीमान्त क्षेत्रको युवा संगठनले सबभन्दा पहिले मई ४ लाई चीनको युवा दिवस भनी घोषित गरेको थियो । तन्नेरीहरूको व्यापक समूहको देशभक्तिपूर्ण संघर्षको दबाबमा परेर क्वोमिन्ताङ सरकारले यस कुरामा सहमति जनायो । तर पछि युवाहरू क्रान्तिकारी बन्लान् भन्ने डरले मई ४ मनाउने निर्णयलाई क्वोमिन्ताङले खतरनाक ठान्यो, र उसले मार्च २९ लाई आफ्नो युवा दिवस घोषित गऱ्यो । (१९११ मा यसै दिन क्वाङचओको एउटा विद्रोहमा प्राण गुमाउने क्रान्तिकारी शहीदहरूको स्मृतिदिवसको रूपमा यो घोषणा गरिएको थियो ।) तैपनि कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेका क्रान्तिकारी आधार इलाकाहरूमा भने मई ४ लाई युवा दिवस मानिदै गयो, र जनवादी गणतन्त्र चीनको स्थापनापछि १९४९ को डिसम्बरमा केन्द्रीय जनवादी सरकारको प्रशासनिक परिषदले आधिकारिक रूपले यसलाई युवा दिवस घोषित गऱ्यो ।

*(हस्तबहादुर के.सी. द्वारा संकलित तथा सम्पादित पुस्तक 'माओ त्सेतुङका प्रमुख लेखहरू' बाट)*

## ❑ साताको कविता

### केही हाइकुहरु



❑ घनेश्वर पोखरेल ❑

*१.*
*हरियो सर्प*
*आँगनको दुबोमा*
*सँधैको त्रास*

*२.*
*नेताको बोली*
*अबसरको भाषा*
*आजको सत्ता*

*३.*
*एकको अन्त्य*
*अनेकको लडाइँ*
*सत्ताको खेल*

*४.*
*भौतिकवाद*
*सत्यको निरूपण*
*पदार्थ चेत*

*५.*
*उल्टो भो बाटो*
*गन्तब्य विपरीत*
*पुग्ने हो कहाँ ?*

*६.*
*बाउन्न साल*
*'स्वर्ग'मा हलचल*
*फागुन एक*

*७.*
*क्रान्तिले भन्छ*
*तिमलि आँट मात्र*
*पुऱ्याउँछु म*

*८.*
*जन सागर*
*परिवर्तन्को श्रोत*
*अजय शक्ति*

*९.*
*समाजवाद*
*पुँजीवादको अन्त्य*
*नयाँ संसार*

*१०.*
*साम्राज्यवाद*
*लुटको पराकाष्टा*
*युद्ध उद्घोष*

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## एमसीसी...

लाई दिनुपर्नेछ। पछि 'पीआइए - प्रोजेक्ट इम्प्लेमेन्टेसन अग्रिमेन्ट' सम्झौताको आर्टिकल १.२ (द) (ii) अनुसार सम्झौता अवधिभरि प्रयोग अनुमति दिने कुरा त छँदैछ। साथै, परियोजना बन्द भएको पाँच वर्षसम्म पनि उक्त कुनै पनि सम्पत्ति नेपाल सरकारले आवश्यक परेर बेच्नुपर्‍यो, दान दिनुपर्‍यो वा प्रयोग गर्नुपर्‍यो भने एमसीसीको लिखित स्वीकृतिमा मात्र नेपाल सरकारले त्यो बेलाको 'न्यायसंगत' बजार मूल्यमा खरिद गर्न सक्नेछ र आफ्नो मातहतमा ल्याउन सक्नेछ (उक्त रकम नेपाल सरकारले एमसीसीले भनेको खातामा अमेरिकी डलरमा भुक्तानी गर्नुपर्नेछ) भनी लेखिएको छ।

शुद्ध अनुदानको रकम वा सम्पत्ति कसैले फिर्ता लाने शर्त राख्छ ? यदि राख्छ भने त्यो शुद्ध अनुदान हो? त्यसकारण, कुनै कारणवश सम्झौता बदर भएमा सम्पूर्ण रकम ब्याजसहित अमेरिकी डलरमा फिर्ता गर्नुपर्ने तथा सकिएपछिको पाँच वर्षसम्म पनि कुनै सम्पत्ति नेपाल सरकारलाई चाहिए एमसीसीसँग उसको लिखित स्वीकृतिमा त्यो बेलाको बजारमूल्यमा खरिद गर्नुपर्ने भएकाले यो सम्झौतालाई अनुदान भनिए पनि यो व्यापारिक ऋण हो।

***३) सम्झौतामा अमेरिकी नीति तथा कानुनलाई नेपालको संविधान तथा नीति तथा कानुनभन्दा माथि मानिएको छ***

सम्झौताको दफा ६.८ 'एमसीसीको हैसियत' अनुसार एमसीसी वा अमेरिकी सरकारका विगत, वर्तमान र भविष्यमा हुने कुनै पनि कर्मचारीका कारण कुनै पनि द्वन्द्व भयो वा हानी नोक्सानी, चोटपटक वा मृत्यु भयो भने नेपालको सरकार वा नेपालको कुनै पनि न्याय प्रणालीमा त्यसको दाबी मुद्दा गर्न पाइने छैन। जे र जुनसुकै प्रकारको अपराध गरे पनि सम्पूर्ण एमसीसी, अमेरिकी सरकार तथा यसका कर्मचारी नेपालका कुनै पनि अदालत र न्यायाधीकरणको क्षेत्राधिकारबाट मुक्त हुनेछन् । नेपाली भूमिमा काम गर्नुछ अनि यो त नेपालको सर्वभौमसत्ता र संविधानको ठाडो उल्लङ्घन भएन ? अनि यो त आफ्नै घरमा पाहुना बोलाएर उसलाई हाम्रो परिवारको सदस्यलाई जे गरे पनि हामीले केही बोल्न नपाउने जस्तै भएन ?

साथै दफा ७.१ 'आन्तरिक शर्त' मा प्रस्तुत सम्झौता लागु भएपश्चात प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानुन बाझिएमा प्रस्तुत सम्झौता लागु हुनेछ भन्ने पक्षहरूको बुझाइ छ भनेर लेखिएको छ। नेपालको आन्तरिक राजनीति क्रमशः सुधार हुँदैछ, नेपालको आन्तरिक राजनीतिलाई दोष दिएर नेपालको राष्ट्रिय कानुन बाझिएमा प्रस्तुत सम्झौता लागु हुनेछन् भनेजस्तो सम्झौता गर्नु भनेको नेपालको आत्मविश्वाश, आत्मस्वाभिमान र सार्वभौमसत्ता यो सम्झौताअन्तर्गत एमसीसीलाई (अन्ततः अमेरिकालाई) सुम्पिनु हो। यो फेरि आफ्नो घरमा पाहुना बोलाएर पाहुनालाई मन लागेको गर्न दिने अनि हाम्रो सोच, व्यवहार, संस्कारसँग नमिलेमा पाहुनाले गरे भनेअनुसार नै हुने जस्तै भएन ? भोलि पाहुनाले के बोल्छ के बोल्दैन, के गर्छ के गर्दैन, त्यसको ग्यारेन्टी वा अनुमान गर्न सकिँदैन ।

त्यसकारण, यो सम्झौतामा जुनसुकै हिसाबले पनि आफ्नो देशको कानुन र न्याय प्रणाली सर्वोच्च हुनुपर्छ भनी सम्झौतामा स्पस्ट लेखिनुपर्छ। सम्झौताअन्तर्गतका सम्पूर्ण सम्बन्धित व्यक्तिहरूले नेपालको कानुन तथा न्यायप्रणाली र संसदको सर्वोच्चता स्वीकार गरिनेगरी मात्र गर्नुपर्छ ।

***४) सम्झौताअनुसार अमेरिकाको सेना (वा निजी सेना) नेपाल आउने सम्भावना खुला छ***

सम्झौतामा सिधै अमेरिकी सेना नेपाल आउने भनेर लेखिएको छैन। तर, मुख्य सम्झौताको अनुसूची ३ को दफा २ (ख) मा 'एमसीसी' अन्तर्गतको 'विद्युतीय क्षेत्र प्राविधिक सहयोग' परियोजनाले सरोकारवालाहरूको आर्थिक तथा वित्तीय हितलाई सन्तुलन, ग्रिड सञ्चालनको प्रवर्द्धन र सुरक्षा गर्दछ' भनेर लेखिएको छ। यो परियोजनाको सुरक्षा गर्ने नाममा एमसीसीले आवश्यकताअनुसार जस्तोसुकै स्तरको अमेरिकी सुरक्षाकर्मी प्रयोग गर्न पाउनेछ। सम्झौता लागु भएपश्चात नेपाल सरकारले पछि यसमा प्रतिवाद गर्न पाउने छैन।

साथै, यसका लागि अनुसूची १ (ख) १ (ग) अन्तर्गत 'एमसीए-नेपाल' ले पूर्ण स्वायत्त हिसाबमा अन्य कुनै पक्षको समर्थन वा स्वीकृतिविना नै आफ्नो नाममा सम्झौता गर्न सक्ने, मुद्दा मामिला गर्न सक्ने अधिकार दिएको छ। यसैलाई आधार मानेर उसले नेपाल सरकार वा कुनै पनि निकायलाई नसोधी परियोजना वा अन्य कुराको सुरक्षाको लागि अन्य कुनै पनि निकायसँग (सोफा - स्टेटस अफ फोर्सेस अग्रिमेन्टसम्मका) सम्झौता गर्न सक्ने छ ।

त्यसर्थ, यो मुद्दा समाधानका लागि यही दफामा वा अरू धारा बनाएर 'यो परियोजनाअन्तर्गत जति पनि सुरक्षाको आवश्यकता पर्नेछ, त्यहाँ नेपाली सुरक्षाकर्मीहरू प्रयोग गरिनेछन् भनेर स्पस्ट लेखिनुपर्छ ।'

***५) यो अनुदान दिन आएको हो कि वित्तीय बैङ्किङ कारोबार गर्न आएको ?***

साथै यसका लागि अनुसूची १ (ख) १ (ग) अन्तर्गत एमसीए नेपालको नाममा बैङ्क खाता खोल्ने र सोही खातामार्फत वित्तीय तथा बैङ्किङ कारोबार गर्ने भनी लेखिएको छ। यो व्यवस्था नेपालको 'बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना' व्यवस्थासँग असंगत हुन जान्छ, यसलाई हटाउनुपर्छ।

***६) नेपाल सरकारलाई लेखापरीक्षण गर्ने अधिकार***

मुख्य सम्झौताको दफा ३.८ (क) मा 'नेपाल सरकारले एमसीसी वित्तीय व्यवस्थाको सेप्टेम्बर वा मार्च ३०भित्रमा लेखापरीक्षण गराउनुपर्ने भनिएको छ। यसका अतिरिक्त, एमसीसीको अनुरोधमा, सरकारले उक्त लेखापरीक्षण एमसीसीले नियुक्त गरेको तथा महानिरीक्षक(एमसीसीका)ले स्वीकृत गरेको स्थानीय लेखापरीक्षकहरूको सूचीमा सूचीकृत स्वतन्त्र लेखापरीक्षक वा महानिरीक्षक (एमसीसीका) ले जारी तथा समय समयमा संसोधन गरेको एमसीसीका मिलेनियम च्यालेन्ज कर्पोरेसनका उत्तरदायी निकायहरूले वित्तीय लेखा परीक्षण सम्झौता गर्ने निर्देशिका ('लेखा परीक्षण निर्देशिका' बमोजिम छनौट गरिएको संयुक्त राज्य अवस्थित मान्यता प्राप्त सार्वजनिक लेखाङ्कन गर्ने फर्मबाट भएको सुनिश्चित गर्नेछ ।

लेखापरीक्षण निर्देशिका बमोजिम तथा महानिरीक्षकको गुणस्तर प्रत्याभूति निरीक्षणको अधिनमा रही लेखापरीक्षण गरिनेछ। प्रत्येक पटक लेखापरीक्षण सम्पन्न गरी उपयुक्त लेखापरीक्षण अवधि समाप्त भएको बढीमा ९० दिनभित्र वा पक्षहरूबीच लिखित सहमति भए बमोजिमको अन्य अवधिभित्र एमसीसीलाई लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ। प्रस्तुत दफा ३.८ (क) मा उल्लेख भए बमोजिमको शर्तले नेपालको महालेखा परीक्षकको कार्यालयलाई एमसीए-नेपालको लेखापरीक्षण गर्न रोक लगाउने छैन' भनि लेखिएको छ ।

सरकारले कार्यक्रम परियोजनाको लेखापरीक्षण गर्न चाहेमा 'अमेरिकन' लेखापरीक्षक वा एमसीसीको पूर्व स्वीकृति लिएर मात्र कुनै 'स्थानीय' लेखापरीक्षक प्रयोग गर्न सक्नेछ। यसको मतलव लेखापरीक्षणको सम्पूर्ण अधिकार पूर्णतः एमसीसीको नियन्त्रणमा हुनेछ। जुन नेपालमा हुने कुनै पनि परियोजना/कम्पनी/निकायको स्वतन्त्र रूपमा लेखापरीक्षण गर्न पाउने सरकारको अधिकारको ठाडो उल्लङ्घन हो र नेपाल सरकारको अधिकारको उल्लङ्घन देशको सर्वभौमसत्ताको उल्लङ्घन हो। साथै नेपाल सरकारले अमेरिकी लेखापरीक्षणका शर्तहरूको अधीनमा रही संयुक्त राज्यको सम्बद्ध सरकारी निकायमा लेखापरीक्षण गराउनु पर्नेछ। परियोजनासम्बन्धी सरकारको वित्तीय क्रियाकलापको चाहिँ एमसीसीले पूर्णतः लेखापरीक्षण गर्ने अधिकार रहेकोछ।

यसको समाधानका लागि चाहिँ त्यही दफा ३.८ मा लेखिए जस्तै नेपाल सरकारले चाहेमा कुनै पनि बेला 'एमसीसी' वा 'एमसीए-नेपाल'को लेखापरीक्षण गराउन कसैको पूर्वस्वीकृति नचाहिने साथै महालेखा परीक्षक सँगै 'एमसीसी'मा सूचीकृत भए वा नभएको दुवैखाले लेखापरीक्षण निकायलाई पनि लेखापरीक्षणमा लगाउन सकिने भनि स्पस्ट लेखिनुपर्छ ।

***७) नेपालको बौद्धिक सम्पत्ति***

दफा ३.२ (च) मा सरकारले आफ्नो तर्फबाट 'एमसीसी'लाई बौद्धिक सम्पत्तिको कुनै अंश वा अंशहरू हाल ज्ञात भएको वा यसपश्चात विकसित हुने एमसीसीले उपयुक्त देखेको कुनै माध्यममा जुनसुकै प्रयोजन (उत्पादन, पुनः उत्पादन, प्रकाशन, परिवर्तन, प्रयोग, सञ्चय, रूपान्तरण वा उपलब्ध गराउने अधिकारसमेत) का लागि अविछिन्न, अपरिवर्तनीय, रोयल्टीरहित, विश्वव्यापी, पूर्ण रूपमा भुक्तान गरिएको, हस्तान्तरण गर्न सक्ने अधिकार तथा प्रयोग गर्न वा गरेको हुन अनुमति प्रदान गर्दछ भनी लेखिएको छ ।

यसको अर्थ के हो भने नेपाल सरकारले परियोजनासँग सम्बन्धित सम्पूर्ण बौद्धिक सम्पत्ति 'एमसीसी'लाई प्रदान गर्नेछ। यसको हकमा चाहिँ उक्त सम्पूर्ण बौद्धिक सम्पत्तिको मालिक साझा रूपमा नेपाल सरकार पनि हो भनी सम्झौतामा स्पष्ट उल्लेख गरिनुपर्छ।

***८) एमसीए नेपालको गठन, सञ्चालन तथा अधिकार***

सरकारले मन्त्रिपरिषदबाट एमसी-नेपालको गठन आदेश पारित गरी सो आदेश नेपाल राजपत्रमा प्रकाशन गरी एमसीए-नेपाललाई एक विकास समितिको रूपमा स्थापना गर्नेछ। विकास समितिहरू स्वतन्त्र निकाय हुन् र नेपालमा सामान्यतया यस्ता समिति विभिन्न किसिमका परियोजना (विदेशी अनुदान र ऋणमा आधारित) समेतका लागि गठन गरिन्छन् । एमसीए-नेपाल निर्णय गर्न पूर्णरूपमा स्वायत्त हुनेछः जस्तै अन्य कुनै पक्षको समर्थन वा स्वीकृतिविना नै निर्णय गर्न सक्नेछ ।

यो विकास समिति नेपाल सरकारको प्रत्यक्ष मातहतमा हुँदैन । तर, घुमाउरो पारामा यो एमसीसीको मातहतमा हुन्छ, किनकि एमसीए-नेपालले सबै खाले निर्णयहरूमा एमसीसीको सबै निर्देशन मान्नुपर्ने हुन्छ। साथै, यसको सम्पूर्ण 'व्यवस्थापन समिति' एमसीसीको नो अब्जेक्सन पूर्णतःआवश्यक हुने भएकाले एमसीसीले नियुक्त गर्ने हुन्छ। खासमा परियोजनाको सम्पूर्ण काम व्यवस्थापन समितिले काम गर्ने हो। 'एमसीए-नेपाल'को बोर्ड त देखाउने दाँत मात्र हो, खाने दाँत एमसीए व्यवस्थापन 'म्यानेजमेन्ट टिम' हो। यसले बोर्डमा सरकारले प्रतिनिधित्व गर्ने भनिएको छ। तर, सम्पूर्ण निर्देशन एमसीसीको मान्नुपर्नेछ। सम्झौताको अधिकांश ठाउँमा 'एमसीसी' को चित्त बुझ्ने गरी कार्यसम्पादन गर्नुपर्नेछ भनी लेखिएको छ।

***९) बिजुली बेचेर धनी बन्ने विषय***

नेपालले बिजुली बेचेर धनी हुने होइन, बिजुली खपत गरेर हो। नेपालको आजको दिनमा प्रतिव्यक्ति बिजुली खपत २४५ युनिट छ (१२००/१३०० मेगावाट), भारत को ११०० युनिट छ, सिंगापुरको प्रतिव्यक्ति खपत १०,००० युनिट छ। हामीले पनि सिंगापुरजस्तै विकसित हुने सपना देख्ने हो भने हामीलाई नै ५०,००० मेगावाट चाहिन्छ। जब कि नेपालले आर्थिक तथा व्यवहारिक रूपमा निकाल्न सक्ने बिजुली ४३,००० मेगावाट हो, जुन हामीलाई नै अपुग हुन्छ। अर्कोतर्फ नेपाल विद्युत प्राधिकरणको ४०० केभीए प्रसारण लाइनको लागत प्रतिकिलोमिटर ४/५ करोड छ भने यो एमसीसी परियोजनाको प्रतिकिलोमिटर लागत २० करोड छ। त्यसैले, हामी बिजुली बेचेर धनी बन्ने होइन, खपत गरेर हो। बरु गोरखपुर प्रसारण लाइन बनाउनुभन्दा राष्ट्रिय प्रसारण लाइनको विकास गर्नुपर्छ ।

समग्रमा एमसीसी अनुदान (तर भित्री रूपमा ऋण) नेपालको गरिबी निवारण र नेपाललाई आवश्यक पर्ने परियोजनाका लागि होइन। अनुदान नै लिने हो भने शर्तरहित अनुदान स्वीकार्न सकिन्छ, जुन नेपालको आन्तरिक पूर्वाधार निर्माण तथा विकासका लागि खर्च होस्। तर, अहिले कै अवस्थामा यो सम्झौतामा भएको शर्तहरू हेर्दा यो अनुदान होइन ऋणको पासो हो, जुन कुनै पनि सचेत स्वाभिमानी नेपालीका लागि स्वीकार्य हुँदैन ।

***१०) श्रीलंकामा एमसीसी खारेजीको विषयमा, मदागास्करमा रोकिएको विषय***

श्रीलंका सरकारले गठन गरेको ४ सदस्यीय विज्ञहरूको प्रतिवेदनअनुसार श्रीलंका सरकारले एमसीसी सम्झौता खारेज गर्‍यो। खारेज गर्नुपर्ने कारणमा उसले एमसीसी सम्झौताले श्रीलंकाको आर्थिक, सामाजिक र राष्ट्रिय हितमा प्रतिकूल प्रभाव पार्ने भनेको छ। साथै, एमसीसी र श्रीलंका सरकारबीच हुने कर्पोरेट सम्झौताले कार्यक्रम कार्यान्वयन सम्झौतासँगै स्थापना हुने प्रस्तावित कम्पनीको मस्यौदाका दफा तथा प्रावधानहरू श्रीलंकाको संविधान र देशको आर्थिक तथा कानुनी प्रणाली, राष्ट्रिय उद्देश्यहरू, सार्वभौमिकता र राष्ट्रिय सुरक्षालाई नकारात्मक असर गर्न सक्नेछ भनिएको छ ।

त्यसकारण त्यस्ता प्रतिकूल दफाहरूलाई उचित सुधार र संशोधन गर्नु अत्यावश्यक छ र त्यसको सम्बन्धित शर्त र परियोजना प्रस्तावहरूमा जनताको राय लिन र संसदबाट अनुमोदन गर्नु उपयुक्त रहेको बतायो। अमेरिकी सरकारले संसोधन गर्न नसकिने भनेपछि श्रीलंका सरकारले त्यो परियोजना अस्वीकार गर्‍यो ।

मदागास्करमा भने एमसीसीअन्तर्गतको विद्युत् प्रसारण लाइन परियोजनाले मदागास्करको कुल खेतीयोग्य जमिनको लगभग आधा जमिन (१.३ मिलियन हेक्टर) विदेशी निजी कम्पनीलाई ९९ वर्षका लागि सित्तैमा कृषि सामग्री निर्यात गर्न भाडामा दिने भनेपछि त्यहाँ राजनीतिक विद्रोह भयो। त्यसकारण त्यहाँ राजनीतिक विद्रोहले सैनिक 'कु' भयो, जसलाई आधार बनाउँदै एमसीसी परियोजना रोकियो। हाम्रो देशमा पनि यो हुँदैन भन्न सकिन्न। जहाँ सम्पूर्ण परियोजनालाई आवश्यक सम्पूर्ण जमिन वनक्षेत्र तथा आवश्यक अन्य श्रोतहरू एमसीए-नेपालको स्वामित्वमा दिइनेछ। जसलाई नेपाल सरकारले फिर्ता लिन एमसीसीसँग खरिद गर्नुपर्नेछ ।

***११) एमसीसी र बीआरआई***

'बीआरआई'मा स्पस्ट रूपमा कुनै स्थानमा ऋण, कुनै स्थानमा अनुदान भनिएको छ। 'बीआरआई' ऋणको कुरा अलग्गै भयो। यो कति आवश्यक कति अनावस्यक भनी ऋण सम्झौताको सम्पूर्ण शर्तहरूको विस्तृत अध्ययन गरेर भन्न सकिने चिज हो। तर, यसको अनुदान सम्झौताको शर्तहरूमा पनि 'एमसीसी'जस्तै काहीँ कतै नेपालको कानुनसँग बाझिएमा चिनियाँ कानुन लागु हुनेछ। सम्पूर्ण सम्पत्ति (भौतिक तथा बौद्दिक)मा चीनको एकल अधिकार हुनेछ। पछि नेपालले प्रयोग गर्न चाहेमा खरिद गर्नुपर्नेछ। कुनै परियोजनाको लेखापरीक्षण नेपाल सरकारले गर्न चाहेमा 'बीआरआई'को पूर्वस्वीकृति अनिवार्य छ ।

चीन 'बीआरआई' सँग सम्बन्धित कम्पनी तथा व्यक्तिहरूले जुनसुकै खालको गल्ती वा अपराध गरे पनि नेपालको न्याय प्रणालीले छुने छैन जस्ता कुनै नेपाल राष्ट्रको सर्वभौमसत्ता र स्वतन्त्रताभन्दामाथिको बुँदाहरू भए त्यसको पनि बिरोध गर्नुपर्छ र अस्वीकार गर्नुपर्छ। हामी असंलग्न राष्ट्रको सिद्दान्तको पक्षधरहरू कुनै पनि अरू राष्ट्रको समर्थन वा विरोधी होइन। हामी स्वतन्त्र तथा सार्वभौमसत्ता सम्पन्न नेपालको पक्षमा छौं ।

***१२) के हामी विदेशी सहयोगविना बाँच्न सक्दैनौं वा उनीहरूविना विकास गर्न सक्दैनौं ? अन्य दातृ निकायभन्दा यो किन फरक छ?***

२०४६ सालपछिको नेतृत्वले यत्तिका पढे लेखेका विद्वान मित्रहरूलाई समेत नेपालले विदेशी सहयोग नभई टिक्न सक्दैन भन्ने पार्न सफल भइसकेको छ। १९६० सम्म पनि चीनभन्दा हाम्रो अर्थतन्त्र राम्रो थियो। जे भयो यही बितेको ३० वर्षमा भयो र यसको बिउ २०२८ सालको शिक्षा प्रणाली फेर्ने कार्यबाट सुरु भएको थियो। २०४६ अघि ५ वटा 'चामल' निर्यात गर्ने कम्पनी भएको राष्ट्रमा आज 'दाल' क्यानाडाबाट ल्याउनुपर्छ। कृषिमा पूर्णआत्मनिर्भर देशले वार्षिक अरबौंको 'तरकारी' भारतबाट आयात गर्नुपरेको छ, कसरी यस्तो भयो ?

हामीले प्रश्न गर्ने बेला आएको छ। इतिहास फर्केर हेर्ने र त्यसबाट पाठ सिकेर भविष्य बनाउने बेला आएको छ। हाम्रो देशको नागरिकहरूको जीवनशैली, आत्मविश्वास र सम्पूर्ण अर्थतन्त्र नियोजित रूपमा परनिर्भर बनाइयो, हामीलाई माल पाएर चाल नपाएका मानिसहरू बनाइयो। अब हामीले हामीको हौं र के गर्न सक्छौं भनेर फेरि सम्झिने र सम्झाउने बेला आएको छ। पुनर्जागरण र पुनर्जागृत हुने समय आएको छ ।

अहिलेको विश्व परिवेशमामा पूरै नर्थ कोरिया भएर बस्ने भन्ने होइन। ऋण सहयोग नलिने भनेको पनि होइन। तर, हाम्रो आफ्नो शर्त र सबै कोणबाट विश्लेषण गरेरमात्रै लिनुपर्छ भन्ने कुरा हो। ऋण लिनै परे पनि बराबरी हैसियतमा लिऔं न कि आफ्नो आत्मस्वाभिमान, सार्वभौमसत्ता र आमालाई बेचेर। अब हामीले गहिरिएर विचार गर्नुपर्ने बेला आएको छ र समाधान अरू कसैले दिने होइन ।

आजका हामी युवाहरूबाटै आउनेछ, सबै जुटौं र बहस तथा नीति निर्माण गर्न थालौं। हामीसँगै भएको श्रोत र जनशक्तिले हामी आउने १५ वर्षमा एसियाकै १० धनी राष्ट्रहरूमध्ये पर्न सक्छौं। अब हामीले त्यसको लागि बहस सुरु गर्ने बेला आएको छ।

विश्व बैङ्क, एसियाली विकास बैङ्कजस्ता सहयोगहरू बहुपक्षीय हुन्छन्। त्यसकारण त्यसका केही कडा कानुनी बुँदाहरू स्वीकार गर्न सकिन्छ। तर, यो एमसीसी द्वीपक्षीय सम्झौता भएकाले यो दुई राष्ट्र (भलै एमसीसी र अमेरिकी सरकार दुई फरक कानुनी व्यक्ति हुन्) बीचमा भएकाले यसलाई समानताको आधारमा मात्रै स्वीकार्नुपर्छ।

***१३) एमसीसी सम्झौतामा स्पस्ट हिसाबमा परिवर्तन गरिनुपर्ने १० वटा बुँदाहरू :***

१) धारा ३.७, ३.८ नेपाल सरकारले पनि कुनै पनि समयमा आफूले चाहेको जुन सुकै लेखापरीक्षकलाई कसैको स्वीकृतिविना लेखापरीक्षण गर्ने लगाउन सक्ने अधिकारको स्पस्ट सुनिश्चितता ।

२) अनुसूची ३ दफा २ (ख) सबै परियोजनाहरूको सुरक्षाको जिम्मा नेपाली सुरक्षाशक्तिलाई दिनुपर्ने स्पष्ट किटान।

३) दफा ३.२ (च) सबै बौद्धिक सम्पत्तिमा नेपालको समान अधिकार र स्वामित्व ।

४) एमसीसी तथा एमसीए-नेपालअन्तर्गत छुट्टै विद्युत् प्राधिकरण र सडक विभाग बनाउन जरुरी नहुने ।

५) दफा ६.८ मा नेपाली न्याय प्रणालीको सर्वोच्चताको स्वीकार ।

६) धारा ७ मा नेपाली संविधान, संसद र कानुनको सर्वोच्चताको स्वीकार ।

७) धारा ५.३,५.४ परियोजना सकिएपछि वा रोकिएपछि नेपाल सरकारले कुनै पनि प्रकारको कुनै पनि रकम कसैलाई पनि फिर्ता गर्नुनपर्ने सुनिश्चितता ।

८) परियोजना सकिएपछि (५ वर्ष) वा बीचैमा रोकिए एमसीसीसँग सम्बन्धित सबै कर्मचारी फिर्ता तथा परियोजनाको नाममा भएको सम्पूर्ण सम्पत्ति नेपाल सरकार मातहतका सम्बन्धित निकायलाई तत्काल विनाशर्त फिर्ता आउने ।

९) 'एमसीसी', 'एमसीए-नेपाल' तथा यो सम्झौताले सिर्जना गर्ने सम्पूर्ण नियोग, सम्पूर्ण कानुनी तथा संवैधानिक अधिकार तथा सम्पूर्ण अन्य व्यवस्थाहरू तत्काल निष्क्रिय वा खारेज हुने स्पस्ट व्यवस्था (जुन दफा ५.५ तथा अनुसूची (४) (२) (छ) मा लेखिएभन्दा विपरीत हुन्छ )।

१०) यदि विद्युत् प्रसारण लाइन बनाउने नै हो भने अन्तरदेशीय विद्युत् प्रसारणको स्थानमा राष्ट्रिय विद्युत् प्रसारण ग्रिडको विकास र सुधारको सुनिश्चितता ।

## एमसीसीका...

पारित हुन नसकेको एमसीसी सम्झौतालाई प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले संसद्बाट अनुमोदन गराएर लागू गर्ने धृष्टताकासाथ तयारी गरिरहेको सूचनाहरू सार्वजनिक भैरहेका छन् ।'

संयुक्त विज्ञप्तिमा अगाडि भनिएको छ, 'उक्त प्रयोजनका लागि आगामी मङ्सिर २८ गते संसद अधिवेशन आह्वान् गरिएको छ। डिसेम्बर १३ मा एमसीसीको न्युयोर्कस्थित केन्द्रीय कार्यालयमा बैठक बस्दै छ। यो सँगै पछिल्ला घटनाक्रमले नेपाली दलाल शासकहरू राष्ट्रिय स्वाधिनतामाथि अमेरिकी साम्राज्यवादी आक्रमणलाई अन्तिम रूप दिँदैछन् भन्ने कुरा प्रष्ट हुन आउँछ। यसका विरुद्धको सङ्घर्षलाई शसक्त बनाउनु र खारेज गर्नु नेपाली जनताको जीवन मरणको विषय बन्न गएको छ ।'

संयुक्त विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'सङ्घर्षको कार्यक्रमलाई सशक्त पार्न देशका कम्युनिस्ट क्रान्तिकारीहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त शक्तिहरू र आम नेपाली जनतालाई व्यापक सहभागिताको निम्ति हार्दिक अपिल गर्दछौं। नेपाली जनताको आवाजलाई बेवास्ता गर्दै एमसीसी सम्झौता कार्यान्वन गर्न खोज्ने मतियारहरूलाई नेपाली जनताले माफि नदिने कुरासमेत स्पष्ट पार्न चाहन्छौं। कार्यक्रमहरू : मङ्सिर २७ गते एमसीसीको काठमाडौंस्थित एमसीए कार्यालय घेराउ गर्ने, मङ्सिर २८ गते संसद भवन घेराउ गर्ने, मङ्सिर २४ गते २६ राजनीतिक दल/सङ्गठनहरूले घोषणा गरेको कार्यक्रमलाई समर्थन गर्दै सफल पार्ने र आगामी परिस्थितिलाई हेरी थप सङ्घर्षका कार्यक्रमहरू घोषणा गरिने छ ।'

### संयुक्त प्रेस विज्ञप्ति

देशको सार्वभौमिकता भन्दा माथि रहने गरि गरिएको चरम राष्ट्रघाती र जनघाती MCC सम्झौता राष्ट्रिय राजनीतिमा फेरि मडारिएर आएको छ। विगतमा नेपाली जनताको संघर्षको बलले पारित हुन नसकेको MCC सम्झौतालाई प्रधानमन्त्री शेर बहादुर देउवा नेतृत्वको सरकारले संसदबाट अनुमोदन गराएर लागु गर्ने धृष्टताकासाथ तयारी गरिरहेको सूचनाहरू सार्वजनिक भैरहेका छन् । उक्त प्रयोजनका लागि आगामी मंसिर २८ गते संसद अधिवेशन आह्वान गरिएको छ। डिसेम्बर १३ मा MCC को न्युयोर्क स्थित केन्द्रीय कार्यालयमा वैठक बस्दै छ । यो सँगै पछिल्ला घटनाक्रमले नेपाली दलाल शासकहरू राष्ट्रिय स्वाधिनतामाथि अमेरिकी साम्राज्यवादी आक्रमणलाई अन्तिम रूप दिँदैछन भन्ने कुरा प्रष्ट हुन आउँछ। यसका विरुद्धको संघर्षलाई शसक्त बनाउनु र खारेज गर्नु नेपाली जनताको जीवन मरणको विषय बन्न गएको छ। नेपाल राष्ट्रको स्वाधिनता र नेपाली जनताको स्वनिर्णयको अधिकारका निम्ति MCC सम्झौता खारेज गर्न हामी कम्युनिष्ट पार्टी र मोर्चाहरूले संयुक्त संघर्षको आह्वान गरेका छौं। संघर्षको कार्यक्रमलाई सशक्त पार्न देशका कम्युनिष्ट क्रान्तिकारीहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त शक्तिहरू र आम नेपाली जनतालाई व्यापक सहभागिताको निम्ति हार्दिक अपिल गर्दछौं। नेपाली जनताको आवाजलाई वेवास्ता गर्दै MCC सम्झौता कार्यान्वन गर्न खोज्ने मतियारहरूलाई नेपाली जनताले माफि नदिने कुरा समेत स्पष्ट पार्न चाहन्छौं।

कार्यक्रमहरू :

- मंसिर २७ गते MCC को काठमाण्डौं स्थित MCA कार्यालय घेराउ गर्ने
- मंसिर २८ गते संसद भवन घेराउ गर्ने
- मंसिर २४ गते २६ राजनीतिक दल/ संगठनहरूले घोषणा गरेको कार्यक्रमलाई समर्थन गर्दै सफल पार्ने
- आगामी परिस्थितिलाई हेरी थप संघर्षका कार्यक्रमहरू घोषणा गरिने छ।

२२ मंसिर, २०७८

विप्लव
महासचिव
नेपाल कम्युनिस्ट पार्टी

मोहन विक्रम सिंह
महामन्त्री
नेपाल कम्युनिस्ट पार्टी (मसाल)

मोहन वैद्य 'किरण'
महासचिव
नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)

सी.पी. मैनाली
महासचिव
नेपाल कम्युनिस्ट पार्टी (माले)

ऋषि कट्टेल
अध्यक्ष
नेपाल कम्युनिस्ट पार्टी

आहुती
संयोजक
वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल

सी.पी. गजुरेल
अध्यक्ष
देशभक्त जनगणतान्त्रीक मोर्चा, नेपाल

चित्रबहादुर के.सी.
अध्यक्ष
राष्ट्रिय जनमोर्चा, नेपाल

## आलोपालो

# एमसीसी खारेज गर्नैपर्ने १३ कारण

● सन्तोष प्रधान ●

*एमसीसीलाई पनि स्थापना गर्न नेपाल सरकारको विशेष राजपत्रको घोषणा, सम्पूर्ण क्रियाकपापमा कर छुट, नेपालको विद्यमान कानुन तथा न्याय प्रणालीभन्दा माथि रहने गरी जुन अधिकार दिन खोजिँदैछ, यसले त्यसैको संकेत गर्छ*

***१) यसको ढाँचा र व्यवहार इस्टइन्डिया कम्पनीजस्तो छ***

नेपाल र अमेरिका दुवै सार्वभौमसत्ता सम्पन्न देश हुन् । सम्झौतामा नेपालको तर्फबाट 'सरकार' अनि अमेरिकाका तर्फबाट 'एमसीसी', जुन संयुक्त राज्य अमेरिकाको सरकार होइन कि सरकारले विशेष कानुनबमोजिम स्थापना गरेको नियोग हो, यहाँनेर नै असमानताको सुरुवात भएको छ । साथै, यसको स्थापनाको प्रक्रिया तथा यसमा गरिएको विशेष व्यवस्थाले यो इस्ट इन्डिया कम्पनीजस्तै देखिन्छ ।

३१ डिसेम्बर १६०० मा रानी एलिजाबेथ प्रथमले शाही चार्टरमार्फत उनी आफैं पनि सेयर होल्डर भएको इस्ट इन्डिया कम्पनीलाई पूर्वमा व्यापार गर्नका लागि अनुमति दिइन् । इस्ट इन्डियाका प्रतिनिधि सर थोमस रोयले सन् १६१५ मा मुगल राजा जाहँगीरसँग भारतीय सहर सूरतमा व्यापार गर्न अनुमति लिएका थिए ।

मुगल सम्राट फर्रुखसियारको शाही आदेशद्वारा १७१७ इसंमा बंगालमा महत्वपूर्ण व्यापारिक सुविधा प्रदान गर्ने शाही फरमान (बडापत्र) जारी गरे जसमा बंगालमा कर तिरेविना ब्रिटिस सामानको निर्यात र आयात गर्ने अनुमति दिइयो। फरमानको अधीनमा कम्पनीलाई सामान ढुवानीको लागि डाटक (पास) जारी गर्न अधिकार पनि दिइएको थियो। वाणिज्य र व्यापारको मोर्चामा दृढताका साथ स्थापित भएपछि कम्पनीले क्रमिक रूपमा सत्ताधारी बन्ने सपना देख्न थाल्यो। त्यसपछि सबै इतिहास हामीलाई थाहा नै छ।

एमसीसीलाई पनि स्थापना गर्न नेपाल सरकारको विशेष राजपत्रको घोषणा, सम्पूर्ण क्रियाकपापमा कर छुट, नेपालको विद्यमान कानुन तथा न्याय प्रणालीभन्दा माथि रहने गरी जुन अधिकार दिन खोजिँदैछ, यसले त्यसैको संकेत गर्छ।

***२) यो 'शुद्ध' अनुदान होइन, घुमाउरो तरिकाको व्यापारिक ऋण हो***

सम्झौताको धारा ५ को 'अन्त्य, निलम्बन; समाप्ति' का दफा ५.१ (ख) (३) मा उल्लेख भएअनुसार 'वर्तमान र भविष्यमा लागु हुने अमेरिकी सरकारको प्रचलित कानुन तथा सरकारको नीति उल्लङ्घन गरेमा' एमसीसीले कुनै पनि बेला यो सम्झौता रद्द गर्न सक्छ, सम्झौता रद्द गरेपश्चात दफा ५.३, ५.४ र ५.५ लागु हुनेछन्।

अमेरिकी सरकारको नीति तथा कानुन भविष्यमा कस्तो बन्छ हाम्रो नियन्त्रणमा छैन, यो परिवर्तनशील छ, जसरी अमेरिकी कानुन र नीति परिवर्तन हुन्छन, यो सम्झौता पनि त्यसैको नियन्त्रणमा हुन्छन र त्यसो हुँदा नेपालले त्यसलाई पूर्ण स्वीकार्नुभन्दा केही प्रतिवाद गर्न सक्ने कुनै अधिकार हुँदैन । जस्तै, भर्खरैको तिब्बत, रसिया, उत्तर कोरिया, चीन नीति वा गाँजा प्रतिबन्धसम्बन्धी उदाहरण हेर्नुस् (नेपाल र अमेरिकी नीतिमा फरक)। त्यसो हुँदा भोलि अमेरिकी सरकारले बनाउने नीति त निर्णयअन्तर्गत यो सम्झौता रहनेछ, जसमा नेपालको कुनै पनि नियन्त्रण रहँदैन । यस्तो नियन्त्रण गर्न नसकिने प्रावधानलाई टेकेर भोलि कुनै पनि हालतमा सम्झौता रद्द हुने हो भने दफा ५.३ र ५.४ अनुसार एमसीसीले लगानी गरेको सबै पैसा दैनिक गणना हुने ब्याज रकम सहित एमसीसीलाई एमसीसीले भनेको खातामा अमेरिकी डलरमा फिर्ता गर्नु पर्नेछ ।

साथै, मुख्य सम्झौताको अनुसूची ५ (ग) अनुसार 'सम्झौता अन्त्य हुने मिति अगाडि नै परियोजना सम्पन्न भएको सुनिश्चित गर्न नेपाल सरकारले जग्गाप्राप्ति, निर्माणस्थलमा पहुँच र वनक्षेत्र उपयोगको स्वीकृतिसम्बन्धी सबै आवश्यक कार्य समयमै सम्पन्न भएको सुनिश्चित गर्न आवश्यक भएको भनी एमसीसीले पहिचान गरेबमोजिमका स्वीकृति, अनुमति र निर्णय दिइसकेको वा गरिसकेकाको लागि आवश्यक पर्ने स्वीकृति, इजाजतपत्र आदि नेपाल सरकारले प्रदान गरिसकेको हुनुपर्ने,' भनी लेखिएको छ।

यो बुँदाअनुसार नेपाल सरकारले 'एमसीसी'को मातहतमा रहने गरेर यी सबै सम्पत्तिहरूको स्वामित्व अधिकार 'एमसीए-नेपाल' *बाँकी ७ पेजमा*

# एमसीसीका विरूद्ध आठ दलले घोषणा गरे हस्तक्षेपकारी संघर्षका कार्यक्रम

काठमाडौं । मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) सहित आठ राजनीतिक दलहरूले राष्ट्रघाती एमसीसी सम्झौता खारेजीका लागि हस्तक्षेपकारी संघर्षका कार्यक्रम घोषणा गरेका छन् ।

गत मंगलबार र बुधबार विहान बसेको आठ दलको बैठकले मङ्सिर २७ गते एमसीसीको काठमाडौंस्थित एमसीए कार्यालय घेराउ गर्ने, मङ्सिर २८ गते संसद भवन घेराउ गर्ने, मङ्सिर २४ गते २६ राजनीतिक दल/सङ्गठनहरूले घोषणा गरेको कार्यक्रमलाई समर्थन गर्दै सफल पार्ने र आगामी परिस्थितिलाई हेरी थप सङ्घर्षका कार्यक्रमहरू घोषणा गरिने निर्णय गरेको थियो ।

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरण, नेकपाका महासचिव विप्लव, नेपाल कम्युनिस्ट पार्टी (मसाल) का महामन्त्री मोहन विक्रम सिंह, नेपाल कम्युनिस्ट पार्टी (माले) का महासचिव सीपी मैनाली, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपालका संयोजक आहुती, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल र राष्ट्रिय जनमोर्चा, नेपालका अध्यक्ष चित्रबहादुर केसीको हस्ताक्षरमा बुधबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै सङ्घर्षको कार्यक्रमलाई सशक्त पार्न देशका कम्युनिस्ट क्रान्तिकारीहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त शक्तिहरू र आम नेपाली जनतालाई व्यापक सहभागिताको निम्ति हार्दिक अपिलसमेत गरिएको छ।

संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'देशको सार्वभौमिकता भन्दा माथि रहने गरि गरिएको चरम राष्ट्रघाती र जनघाती एमसीसी सम्झौता राष्ट्रिय राजनीतिमा फेरि मडारिएर आएको छ। विगतमा नेपाली जनताको सङ्घर्षको बलले *बाँकी ७ पेजमा*

**कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरूपमा हटेको छैन ।**


**त्यसैले सचेत र सतर्क रहौं ।**

**विद्यालय तथा अन्य जमघटमा जाँदा स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**




**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।